## बालबालिकासम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक

**प्रस्तावना :** बालबालिकाको सुरक्षा, संरक्षण, विकास र सहभागिता अभिवृद्धि गर्दै बालअधिकारको सम्मान, संवर्द्धन, परिपूर्ति एवं बालमैत्री न्याय सम्पादन गरी बालबालिकाको सर्वोत्तम हित कायम गर्न बालबालिकासम्बन्धी प्रचलित कानुनलाई संशोधन र एकीकरण गरी नयाँ कानुन बनाउन वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २९६ को उपधारा (१) बमोजिमको व्यवस्थापिका-संसदले धारा ४७ बमोजिम यो ऐन बनाएको छ ।

### परिच्छेद-१ :
### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम **"बालबालिकासम्बन्धी ऐन, २०७४"** रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा :

(क) "अनाथ बालबालिका" भन्नाले बाबुआमा दुवैको मृत्यु भएका बालबालिका सम्झनु पर्छ ।

(ख) "आवासीय बालगृह" भन्नाले दफा ३६ बमोजिम स्थापना भएको आवासीय बालगृह सम्झनु पर्छ ।

(ग) "कार्यकारिणी समिति" भन्नाले दफा ७२ बमोजिमको समिति सम्झनु पर्छ ।

(घ) "दिशान्तर" भन्नाले कसूरजन्य कार्यको आरोप लागेका बालबालिकालाई दफा ५० मा उल्लिखित कुनै प्रक्रिया अवलम्बन गरी औपचारिक न्यायिक प्रक्रियाभन्दा बाहिर लैजाने कार्य सम्झनु पर्छ ।

(ङ) "निगरानी कक्ष" भन्नाले दफा ४४ बमोजिम स्थापना भएको निगरानी कक्ष सम्झनु पर्छ ।

(च) "पीडित बालबालिका" भन्नाले दफा २१ बमोजिमको बालबालिकाविरूद्धको हिंसा, दफा २२ बमोजिमको बालयौनदुर्व्यवहार वा प्रचलित कानुन बमोजिम कसूर भनी तोकिएका अन्य कार्यबाट पीडित बालबालिका सम्झनु पर्छ ।

(छ) "पुनर्स्थापना केन्द्र" भन्नाले दफा २९ बमोजिमको केन्द्र सम्झनु पर्छ ।

(ज) "बालअदालत वा एकीकृत बाल न्याय केन्द्र" भन्नाले दफा ४७ बमोजिम गठन भएको बालअदालत वा एकीकृत बालन्याय केन्द्र सम्झनु पर्छ ।

(झ) "बालइजलास" भन्नाले बालअदालत वा एकीकृत बालन्याय केन्द्र गठन नभएसम्म दफा ४८ बमोजिम सञ्चालनमा आएको बालइजलास सम्झनु पर्छ ।

(ञ) "बालकल्याण अधिकारी" भन्नाले दफा ७५ बमोजिम नियुक्त भएको वा तोकिएको अधिकारी सम्झनु पर्छ ।

(ट) "बालबालिका" भन्नाले अठार वर्ष मुनिको व्यक्ति सम्झनु पर्छ ।

(ठ) "बालबालिकाविरुद्धको हिंसा" भन्नाले दफा २१ (१) बमोजिमको कार्य सम्झनु पर्छ ।

(ढ) "बालसुधार गृह" भन्नाले दफा ५९ (१) बमोजिम स्थापना भएको बालसुधार गृह सम्झनु पर्छ ।

(ण) "बालयौनदुर्व्यवहार" भन्नाले दफा २२ (१) बमोजिमको कार्य सम्झनु पर्छ ।

(त) "मनोसामाजिक सहयोग" भन्नाले बालबालिका, परिवार तथा समुदायलाई सङ्कट व्यवस्थापन गर्न, व्यक्तिको स्वास्थ्य लाभ एवं मनोसामाजिक अवस्था पुनर्प्राप्ति गर्नको लागि उपलब्ध गराइने मनोसामाजिक सहयोग, मनोविमर्श, परामर्श, मनोवैज्ञानिक उपचार लगायतका सेवा सम्झनु पर्छ ।

(थ) "मन्त्रालय" भन्नाले बालबालिकाको विषय हेर्ने संघीय मन्त्रालय सम्झनु पर्छ ।

(द) "वैकल्पिक हेरचाह" भन्नाले दफा ३३ अन्तर्गतका वैकल्पिक हेरचाहका व्यवस्थाहरू सम्झनु पर्छ ।

(ध) "संरक्षक" भन्नाले दफा ३५ बमोजिम नियुक्त गरिएको व्यक्ति वा अख्तियारी पाएको संस्था सम्झनु पर्छ ।

(न) “सेवा प्रदायक संस्था” भन्नाले बालसंरक्षण कार्यको लागि बालकल्याण अधिकारीले यस ऐन तथा यस अन्तर्गतका नियमावली अनुसार सूचीकृत गरेको संस्था सम्झनु पर्छ ।

(प) “परिषद्” भन्नाले दफा ६९ बमोजिमको राष्ट्रिय बालअधिकार परिषद् सम्झनु पर्छ ।

(फ) “विशेष संरक्षणका आवश्यकता भएका बालबलिका” भन्नाले दफा ३१ बमोजिमका बालबालिका सम्झनु पर्छ ।

(ब) “स्थानीय तह” भन्नाले भन्नाले गाउँपालिका वा नगरपालिका सम्झनु पर्छ र सो शब्दले जिल्ला सभालाई समेत जनाउँछ ।

(भ) “सामाजिक कार्यकर्ता” भन्नाले दफा ६५ तथा दफा ७७ बमोजिमको सामाजिक कार्यकर्ता सम्झनु पर्छ ।

(म) “तोकिएको” वा “तोकिए बमोजिम” भन्नाले यो ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

## परिच्छेद-२ :
## बालबालिकाको अधिकार, कर्तव्य र दायित्व सम्बन्धी व्यवस्था

३. **नाम र पहिचानको अधिकार :** (१) प्रत्येक बालबालिकालाई आफ्नो पहिचान सहित नाम र जन्मदर्ताको अधिकार हुनेछ ।

(२) बालबालिका जन्मेपछि निजको आमा वा बाबुले बालबालिकाको नामथर राखी प्रचलित कानुन बमोजिम जन्मदर्ता गरिदिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम बालबालिकाको नाम र थर राख्दा बाबुआमा दुवैको सहमतिमा राख्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम सहमति हुन नसकेमा नामको हकमा आमाले राखेको नाम र थरको हकमा बालबालिकाको नामको पछाडि आमा र बाबु दुवैको थर राख्नु पर्नेछ ।

(५) बाबु बेपत्ता भएको वा बाबुको पहिचान हुन नसकेका बालबालिकाले आमाको थर प्रयोग गर्नेछन् ।

(६) कुनै औपचारिक कार्य, कानुनी काम कारबाही वा लिखतमा आमा, बाबु तथा बाजे, बज्यैको नाम खुलाउनुपर्ने रहेछ भने त्यस्तो अवस्थामा बालबालिकाको आफ्नो आमा वा बाबुको नाम थर र बाबु तर्फका बाजे बज्यैको नाम थर उल्लेख गर्नु पर्नेछ ।

(७) उपदफा (६) बमोजिम आमा, बाबु तथा बाजे, बज्यैको नाम खुलाउनुपर्ने बालबालिकाको बाबु पत्ता नलागेको अवस्थामा निजले आमा र आमा तर्फका बाजे, बज्यैको नाम थर उल्लेख गर्न पाउनेछ र आमासमेत पत्ता नलागेको भए सोही व्यहोरा उल्लेख गरी निजको नाम मात्र उल्लेख गरे पुग्नेछ ।

(८) अनाथ बालबालिकाको हकमा निजको नाम थर कायम भई जन्मदर्ता भएको खण्डमा सोही बमोजिम र सो नभएको खण्डमा संरक्षकले धर्म, संस्कृति वा चलन अनुसार बालबालिकाको नाम थर राखिदिनु पर्नेछ र बालकल्याण अधिकारीको सिफारिसमा जन्मदर्ता गरिदिनु पर्नेछ, जन्म मिति नखुलेको अवस्थामा सरकारी स्वास्थ्य संस्थामा कार्यरत दर्तावाला चिकित्सकको उमेर सम्बन्धी परीक्षण प्रतिवेदन लिई जन्म मिति कायम गरी प्रचलित कानुन बमोजिम जन्मदर्ता गरिदिनु पर्नेछ ।

(९) हाडनाता वा जबरजस्ती करणीबाट जन्मिएका बालबालिकाको हकमा आमाले चाहेमा आमाको मात्रै नाम उल्लेख गरी जन्मदर्ता हुने र जबरजस्ती करणीबाट जन्मिएका बालबालिकालाई आमाले आफ्नो परिचय दिन नचाहेमा बालकल्याण अधिकारीको सिफारिसमा यसै दफा बमोजिम अनाथ बालबालिका सरह जन्मदर्ता गरिदिनु पर्नेछ ।

(१०) उपदफा (८) बमोजिम संरक्षकले नाम थर राखिदिँदा बालकल्याण अधिकारीको सहमति लिनु पर्नेछ ।

(११) आमा, बाबु वा संरक्षकले अनुचित लाभ लिने मनसायले बालबालिकाको पहिचान लुकाउने गरी नाम थर परिवर्तन गर्न हुँदैन ।

४. **बाँच्न पाउने अधिकार :** (१) प्रत्येक बालबालिकालाई स्वस्थ्य र स्वच्छ वातावरणमा सम्मानपूर्वक बाँच्न पाउने अधिकार हुनेछ ।

(२) बालबालिकामाथि हुन सक्ने दुर्घटनाको रोकथाम, जोखिमको न्यूनीकरण लगायतका प्रतिरोधात्मक एवं सुरक्षा सेवाका लागि नेपाल सरकार, प्रदेश सरकार र स्थानीय कार्यपालिकाले आवश्यकता अनुसार मापदण्ड जारी गर्ने लगायतका अन्य उपाय अबलम्वन गर्न सक्नेछ ।

**५. उचित स्याहार, हेरचाह, पालनपोषणको अधिकार :** (१) कुनै पनि बालबालिकालाई बाबुआमासँगै बस्ने, हुर्कने र बाबुआमाबाट उचित स्याहार, हेरचाह, पालनपोषण, संरक्षण तथा मायाममता प्राप्त गर्ने अधिकार हुनेछ ।

(२) बालबालिकाको हेरचाह र पालनपोषण गर्ने बाबुआमाको समान दायित्व हुनेछ । बाबुआमाको सम्बन्ध विच्छेद भएको वा अन्य कुनै कारणले अलग बसेको अवस्थामा बालबालिकाको पालनपोषणको खर्च आर्थिक क्षमता अनुसार बाबुआमा दुवैले व्यहोर्नु पर्नेछ ।

(३) आर्थिक विपन्नता वा अन्य कारणले कुनै बालबालिका बाबुआमा दुवै वा कुनै एकसँग विछोडिन सक्ने जोखिम देखिएमा त्यस्ता बालबालिकाको बाबुआमालाइ राज्यबाट तोकिए बमोजिमको सहयोग प्रदान गर्नुपर्नेछ ।

(४) जबरजस्ती करणीबाट जन्मेका बालबालिकालाई आमाले हेरचाह र पालनपोषण गर्दा वा वैकल्पिक हेरचाहमा राख्दा लाग्ने पालनपोषण खर्च जबरजस्ती करणी गर्ने व्यक्ति वा दफा ७८ अनुसारको बाल कोष वा दुवैबाट भराउन अदालतले आदेश दिन सक्नेछ ।

(५) बालबालिकाको स्याहार, हेरचाह तथा पालनपोषण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**६. पोषण एवं स्वास्थ्यको अधिकार :** (१) प्रत्येक बालबालिकालाई पर्याप्त पोषण प्राप्त गर्ने हक हुनेछ ।

(२) प्रत्येक बालबालिकालाई स्तनपान गर्न पाउने हक हुनेछ ।

(३) गर्भवती महिला, सुत्केरी आमा र बालबालिकालाई प्रतिरोधात्मक स्वास्थ्य स्याहार (खोपहरू), आकस्मिक एवं आधारभूत स्वास्थ्य सेवा तथा औषधि निःशुल्क रूपमा प्राप्त गर्ने अधिकार हुनेछ ।

(४) प्रत्येक बालबालिकालाई स्वच्छ खानेपानी र सरसफाइयुक्त वातावरणमा हुर्कन पाउने अधिकार हुनेछ ।

(५) प्रत्येक बालबालिकालाई बढ्दो उमेर र परिपक्वता अनुरूप आफ्नो शरीर, प्रजनन तथा यौनस्वास्थ्यबारे उपयुक्त विधिबाट जानकारी पाउने अधिकार हुनेछ ।

**७. शिक्षाको अधिकार :** (१) प्रत्येक बालबालिकालाई माध्यमिक तहसम्मको शिक्षा निःशुल्क रूपमा पाउने अधिकार हुनेछ ।

(२) प्रत्येक बालबालिकालाई आधारभूत तहसम्मको शिक्षा अनिवार्य हुनेछ ।

(३) प्रत्येक बालबालिकालाई बालमैत्री वातावरणमा गुणस्तरीय शिक्षा पाउने अधिकार हुनेछ ।

(४) कसैले पनि बालबालिका र उनीहरूको हकहितको लागि प्रयोग हुने विद्यालय लगायतका सेवा सुविधामा आक्रमण गर्न वा तिनको सञ्चालन एवं व्यवस्थापनमा अवरोध गर्न वा बन्द हडताल गर्न हुँदैन ।

**८. भेदभावविरुद्धको अधिकार :** (१) कुनै पनि बालबालिकालाई निज, निजको आमा वा बाबु वा परिवारका अन्य सदस्य वा संरक्षकको उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिङ्ग, शारीरिक अवस्था, अपाङ्गता, स्वास्थ्य स्थिति, वैवाहिक स्थिति, आर्थिक अवस्था, भाषा वा क्षेत्र, वैचारिक आस्था, पेशा, सामाजिक अवस्था, भौगोलिक क्षेत्र वा यस्तै अन्य कुनै पनि आधारमा भेदभाव गरिने छैन ।

(२) कसैले पनि आफूले जन्म दिएका सन्तानहरू बीच, धर्मपुत्र वा धर्मपुत्री र आफूले जन्म दिएको सन्तानहरू बीच तथा आफ्ना सन्तानहरू र आफ्नो संरक्षणमा रहेका बालबालिका बीच कुनै भेदभाव गर्नु हुँदैन ।

(३) कसैले पनि वैवाहिक सम्बन्ध कायम हुनुअघि र वैवाहिक सम्बन्ध कायम भइसकेपछि जन्मेका सन्तानहरू बीच कुनै भेदभाव गर्नु हुँदैन ।

**९. दुर्व्यवहार, हिंसा र शोषणबाट संरक्षणको अधिकार :** (१) प्रत्येक बालबालिकालाई दुर्व्यवहार, हिंसा, शोषणविरुद्ध संरक्षण पाउने अधिकार हुनेछ ।

(२) कसैले पनि बालबालिकालाई घर, समुदाय, बालविकास केन्द्र, विद्यालय, आवासीय बालगृह, बालसुधार गृह, उपचार केन्द्र, कार्यस्थल वा अन्य जुन सुकै स्थान र अवस्थामा कुनै पनि किसिमको शारीरिक, मानसिक सजाय वा यातना दिन, होच्याउन, गिज्याउन वा अमानवीय वा अपमानजनक व्यवहार गर्नु हुँदैन ।

(३) कसैले पनि बालबालिकालाई जबरजस्ती श्रम, बँधुवा प्रकृतिको श्रम, जोखिमपूर्ण श्रम वा निकृष्ट प्रकृतिको श्रममा लगाउनु हुँदैन ।

(४) बालबालिकालाई सेना, प्रहरी वा सशस्त्र समूहमा भर्ना गरिने छैन र कसैले पनि बालबालिकालाई सशस्त्र द्वन्द्व वा समूहगत वा दलगत राजनीतिक उद्देश्यको लागि प्रयोग गर्न हुँदैन ।

**१०. गोपनीयताको अधिकार :** (१) प्रत्येक बालबालिकालाई निजको शरीर, आवास, सम्पति, लिखत, तथ्याङ्क विवरण, पत्राचार र चरित्रका सम्बन्धमा गोपनीयताको अधिकार हुनेछ ।

(२) कसैले पनि बालबालिकाको चरित्रमा आघात पार्ने वा निजलाई लाज, ग्लानी, लाञ्छना वा अपहेलना हुने किसिमका निजका व्यक्तिगत सूचना, विवरण, फोटो, भिडियो लगायत सङ्कलन, प्रकाशन, मुद्रण, प्रदर्शन, प्रवाह वा विक्रीवितरण गर्नु वा गराउनु हुँदैन ।

(३) प्रहरी कार्यालय, अदालत, संरक्षक, अभिभावक वा अन्य निकायले कसूरजन्य कार्यको आरोप लागेका वा पीडित बालबालिकाको नाम थर, ठेगाना, उमेर, लिङ्ग, पारिवारिक पृष्ठभूमि, आर्थिक स्थिति, कसूर तथा त्यस सम्बन्धमा कुनै कारवाही भएको भए सो लगायत बालबालिकाको पहिचान खुल्ने विवरण गोप्य राख्नु पर्नेछ । यसरी गोप्य राखिएको बालबालिकाको विवरण कानुन बमोजिम बाहेक अन्यत्र प्रयोग गरिनु हुँदैन ।

तर कुनै अध्ययन वा शोध कार्यका लागि प्रकाशित गर्नुपरेमा बालबालिका तथा परिवारको नाम, थर, घर ठेगाना र अन्य पहिचान नखुल्ने गरी उमेर वा लिङ्ग मात्र उल्लेख गरी प्रकाशित गर्न सकिनेछ ।

**११. खेलकुद, मनोरञ्जन तथा सांस्कृतिक अधिकार :** (१) प्रत्येक बालबालिकालाई आफ्नो उमेर अनुसार खेलकुद तथा मनोरञ्जन गर्ने अधिकार हुनेछ ।

(२) आफ्नो हितमा प्रतिकूल नहुने गरी प्रत्येक बालबालिकालाई आफ्नो धर्म, संस्कृति, रीतिरिवाज वा आस्था अनुरूप सांस्कृतिक क्रियाकलापमा भाग लिने अधिकार हुनेछ ।

**१२. सूचना तथा सहभागिताको अधिकार :** (१) प्रत्येक बालबालिकालाई प्रचलित कानुन बमोजिम आफ्नो हकहित र सरोकारको विषयमा सूचना माग्ने र पाउने अधिकार हुनेछ ।

(२) प्रत्येक बालबालिकालाई प्रचलित कानुनको अधीनमा रही आफ्नो धारणा स्वतन्त्र रूपले अभिव्यक्त गर्ने अधिकार हुनेछ ।

(३) परिवार, समुदाय, विद्यालय लगायत अन्य सार्वजनिक निकाय वा संस्थाले बालबालिकासँग प्रत्यक्ष सम्बन्धित विषयमा निर्णय गर्दा बालबालिकाले व्यक्त गरेको विचारलाई उनीहरूको उमेर र परिपक्वताअनुसार मान्यता दिनेछन् ।

(४) प्रत्येक बालबालिकालाई आफ्नो हकहित संरक्षणको लागि शान्तिपूर्वक भेला हुने, बालक्लब वा समूह खोल्ने तथा सञ्चालन गर्ने अधिकार हुनेछ ।

(५) यस दफा बमोजिम बालक्लब वा समूह दर्ता र सञ्चालन गर्ने तथा बालबालिकाको सहभागिता सम्बन्धी कार्यविधि, निर्देशिका र मापदण्ड तोकिए बमोजिम हुनेछ ।

**१३. बाबुआमासँग भेटघाट र सम्पर्क गर्ने अधिकार :** (१) बाबुआमा बीचको वैवाहिक सम्बन्ध विच्छेद भई वा अन्य कुनै कारणवश आमा वा बाबु वा दुवैसँग भिन्न बसेको बालबालिकाको सर्वोत्तमहितका लागि न्यायीक निकायको निर्णयले प्रतिबन्ध गरेको अवस्थामा बाहेक बाबु आमासँग समय समयमा भेटघाट गर्ने, टेलिफोन गर्ने, पत्राचार गर्ने तथा विद्युतीय सञ्चार माध्यमबाट सम्पर्क गर्ने अधिकार हुनेछ ।

(२) वैकल्पिक हेरचाह गर्ने व्यक्ति वा संस्थाले आफ्नो हेरचाह वा संरक्षणमा रहेका बालबालिकालाई निजको जन्मदिने बाबुआमा वा नातेदारसँग भेटघाट गर्न, टेलिफोन गर्न, पत्राचार गर्न तथा विद्युतीय सञ्चार माध्यबाट सम्पर्क गर्न दिनु पर्नेछ ।

(३) धर्मपुत्र वा धर्मपुत्री राख्ने व्यक्तिले धर्मपुत्र वा धर्मपुत्री हुने बालबालिकालाई आफ्नो जन्मदिने बाबु आमासँग भेटघाट गर्न तथा टेलिफोन गर्न, पत्राचार गर्न तथा विद्युतीय सञ्चार माध्यबाट सम्पर्क गर्न दिनु पर्नेछ ।

(४) बालबालिकाविरूद्धको हिंसा वा बालयौनदुर्व्यवहारबाट पीडित बालबालिकाले नचाहेमा वा बाबुआमा, अभिभावक नै पीडक भएमा वा पीडकसँग मिलि बालबालिका थप जोखिममा पर्ने संभावना देखिएमा वा घटनाको छानबिन, कारबाही तथा सत्य तथ्य बुझ्न वाधा पर्ने देखिएमा बालकल्याण अधिकारीले बालबालिकाको सर्वोत्तम हितका लागि बाबुआमा, अभिभावकसँगको भेटघाटमा निश्चित अवधिका लागि प्रतिबन्ध लगाउन सक्नेछ ।

**१४. बालअनुकूल न्यायको अधिकार :** (१) न्याय प्रणालीको सम्पर्कमा आएका बालबालिकालाई बालअनुकूल न्याय र बालमैत्री न्यायिक प्रक्रियाको अधिकार हुनेछ ।

(२) कसूरजन्य कार्यको आरोप लागेका वा पीडित बालबालिकासँग बयान, बकपत्र लगायत अन्य प्रशासनिक वा न्यायिक प्रक्रिया सञ्चालन गर्दा निजको बाबुआमा, संरक्षक वा परिवारका अन्य वयस्क सदस्यको उपस्थितिमा गर्नुपर्दछ ।
तर बाबुआमा, संरक्षक वा परिवारका अन्य वयस्क सदस्यनै पीडक भएमा वा निजको उपस्थितिले बालबालिकालाई डर, त्रास वा अनुचित प्रभाव हुने अवस्था देखिएमा त्यस्ता व्यक्तिलाई उपस्थित नगराई सामाजिक कार्यकर्ता वा समाजसेवी वयष्कको उपस्थितिमा प्रक्रिया सञ्चालन गर्नुपर्दछ ।

(३) कसूरजन्य कार्यको आरोप लागेका वा पीडित बालबालिकाले न्यायिक वा प्रशासनिक प्रक्रियामा प्रत्यक्ष रूपमा वा प्रतिनिधि वा कानुन व्यवसायीमार्फत वा कुनै उपयुक्त विधिद्वारा सुनुवाइको मौका पाउनेछन् ।

(४) बालबालिकालाई बयान दिन वा बकपत्रका लागि बाध्य पारिने छैन ।

(५) बालबालिका वादी वा प्रतिवादी भएको मुद्दालाई अनुसन्धान तथा न्यायिक प्रक्रियामा प्राथमिकता दिई कारबाही र किनारा गरिनेछ ।

(६) बालिकाको बयान गराउँदा उपदफा (२) अनुसार महिला प्रहरी कर्मचारीले गराउनु पर्नेछ र महिला प्रहरी कर्मचारी नभएमा समाजसेवी महिलाको रोहवरमा अन्य प्रहरी कर्मचारीले गराउन सक्नेछ ।
स्पष्टीकरणः न्याय प्रणालीको सम्पर्कमा आएका बालबालिका भन्नाले कसूरजन्य कार्यको आरोप लागेका, कसूरपीडित बालबालिका, साक्षी बालबालिका तथा मुद्दासँग प्रत्यक्ष सम्बन्धित बालबालिका सम्झनु पर्नेछ ।

**१५. प्रारम्भिक बालविकासको अधिकार :** (१) छ वर्ष मुनिका बालबालिकालाई आफ्नो उमेर र विकासको स्तरअनुरूप खेलको माध्यमबाट, वातावरणमा आधारित अनुभवबाट र खोजमूलक ढङ्गले सिक्न पाउने अधिकार हुनेछ ।

(२) छ वर्ष मुनिका प्रत्येक बालबालिकालाई निजको उमेर र क्षमताअनुरूप प्रारम्भिक बालविकास, उत्प्रेरणयुक्त सिकाइको अवसरमा पहुँच पाउने र त्यसबाट लाभान्वित हुने अधिकार हुनेछ ।

(३) सामुदायिक प्रारम्भिक बालविकास केन्द्र वा प्रारम्भिक बालविकास कक्षाको लागि अत्यावश्यक शैक्षिक सामग्री नेपाल सरकारले निःशुल्क उपलब्ध गराउनु पर्नेछ ।

**१६. अपाङ्गता भएका बालबालिकाको विशेष अधिकार :** (१) अपाङ्गता भएका बालबालिकालाई शिक्षा, स्वास्थ्य, सार्वजनिक सेवा, सुविधाहरूमा समान पहुँच र उपभोगको अधिकार हुनेछ ।

(२) अपाङ्गता भएका बालबालिकाले समाजमा सक्रिय रूपले सहभागी हुने, आत्मनिर्भरता प्रवर्द्धन गर्ने र आफ्नो व्यक्तिगत विकासको लागि पुनर्स्थापना सेवा, व्यवसायिक शिक्षा, रोजगारीको तयारी लगायतका विशेष अवसर प्राप्त गर्नेछन् ।

(३) नेपाल सरकारले अपाङ्गता भएका बालबालिकालाई अपाङ्गताको प्रकार अनुरूप हुने गरी सहयोगी सामग्री एवं शैक्षिक सामग्री निःशुल्क प्रदान गर्ने र आवश्यकता अनुसार ब्रेललिपि, साङ्केतिक भाषा वा अन्य कुनै माध्यमबाट शिक्षा उपलब्ध गराउनु पर्नेछ ।

१७. **सामाजिक सुरक्षाको अधिकार :** (१) प्रत्येक बालबालिकालाई तोकिए बमोजिमको सामाजिक सुरक्षा प्राप्त गर्ने अधिकार हुनेछ ।

(२) उपदफा (१) बमोजिम सामाजिक सुरक्षा प्रदान गर्दा आर्थिक तथा सामाजिक रूपले विपन्न परिवारका र विशेष संरक्षणको आवश्यकता भएका बालबालिकालाई प्राथमिकता दिइनेछ ।

१८. **बाबुआमा वा संरक्षकको दायित्व :** यस ऐनमा अन्यत्र उल्लेख भएका दायित्वको साथसाथै बाबुआमा वा संरक्षकको देहायका दायित्व हुनेछ :

(क) बालबालिकालाई हेरचाह, पालनपोषण, मायाममता, शिक्षादीक्षा, स्वास्थ्य उपचार, संरक्षण लगायत निजको व्यक्तित्व विकासको अवसर उपलब्ध गराउने र सुनिश्चित भविष्यका लागि उचित मार्गदर्शन गर्ने,

(ख) विद्यालय जाने उमेरका बालबालिकालाई विद्यालयमा भर्ना गराई शिक्षा आर्जनको वातावरण उपलब्ध गराउने,

(ग) घरपरिवारमा बालबालिकालाई सम्मानित हुने खालको मायाममतापूर्ण वातावरण उपलब्ध गर्ने, गराउने,

(घ) बालबालिकाको शिक्षा, स्वास्थ्य तथा शारीरिक, मानसिक वा बौद्धिक विकासमा असर पर्ने खालका श्रममा संलग्न नगराउने ।

१९. **बालबालिकाको कर्तव्य :** आफ्नो हेरचाह, पालनपोषण, शिक्षादीक्षा तथा संरक्षण गर्ने सन्दर्भमा बाबुआमा वा संरक्षकले यस ऐनको उल्लङ्घन नहुने गरी दिएको सल्लाहसुझाव र मार्गनिर्देशन बढ्दो उमेर र परिपक्वता अनुरूप पालना गर्नु र सबैलाई सम्मान तथा आदर गर्नु प्रत्येक बालबालिकाको कर्तव्य हुनेछ ।

२०. **अधिकारको प्रचलन :** (१) कसैले यस परिच्छेदमा उल्लेख भएका बालबालिकाको अधिकारको उल्लङ्घन गरेमा वा बालबालिकाप्रतिको दायित्व पूरा नगरेमा बालबालिका स्वयंले वा बालबालिकाको तर्फबाट जो सुकैले अधिकारको प्रचलन वा दायित्व पूरा गराउनको लागि बालबालिका रहे बसेको क्षेत्रको स्थानीय न्यायिक समिति वा सम्बन्धित जिल्ला अदालत समक्ष सोझै निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन पर्न आएमा सम्बन्धित स्थानीय न्यायीक समिति वा जिल्ला अदालतले मनासिब आज्ञा, आदेश वा पुर्जी जारी गरी अधिकार प्रचलन गराई दिन सक्नेछ ।

(३) यस परिच्छेदमा प्रदत्त अधिकारमा आघात पुऱ्याएबाट बालबालिकालाई कुनै क्षति पुग्न गएको रहेछ भने अदालतले उपदफा (१) बमोजिम आज्ञा, आदेश वा पुर्जी जारी गर्दा उपचार, पुनर्स्थापना लगायत मनासिब माफिकको क्षतिपुर्ति भराउने निर्णय गर्नु पर्नेछ ।

## परिच्छेद : ३
## बालसंरक्षण सम्बन्धी व्यवस्था

२१. **बालबालिकाविरूद्धको हिंसा :** (१) कसैले बालबालिकालाई कुनै पनि स्थानमा देहायको कुनै कार्य गरे, गराएमा वा त्यस्तो कार्यमा प्रयोग गरेमा बालबालिकाविरुद्ध हिंसा गरेको मानिनेछ :

(क) बेचबिखन गर्ने, ओसारपसार गर्ने, अपहरण गर्ने वा बन्धक बनाउने,
(ख) औषधि वा अन्य कुनै परीक्षणको निमित्त बालबालिकालाई प्रयोग गर्ने
(ग) बालबालिकाको आफ्नै स्वास्थ्य उपचारको लागि बाहेक निजको अङ्ग झिक्ने,
(घ) सशस्त्र द्वन्दमा संलग्न गराउने,
(ङ) कसूरजन्य कार्य गर्न तालीम दिने वा सिकाउने वा त्यस्ता कार्यमा लगाउने
(च) जादु वा सर्कसजस्ता कार्यमा लगाउने,
(छ) कुनै पनि धर्मको नाममा चढाउने, झुमा बनाउने, भिक्षा माग्न लगाउने वा सन्यासी, लामा, भिक्षु, फकीर वा अन्य कुनै भेषधारण गर्न लगाउने,
(ज) क्रूर व्यवहार गर्ने, अङ्गभङ्ग गर्ने वा शारीरिक चोट पुऱ्याउने, थुनेर राख्ने,
(झ) तेजाब वा यस्तै प्रकारका अन्य पदार्थ छर्कने, फ्याँक्ने,
(ञ) लागूऔषध, धूमपान, मद्यपान वा मनोद्दीपक पदार्थको उत्पादन, उपभोग, बिक्रीवितरण, भण्डारण वा ओसारपसार गर्ने वा गर्न लगाउने,
(ट) बालबालिकाको विवाह तय गर्ने वा बालबालिकासँग विवाह गर्ने वा गराउने,
(ठ) जबरजस्ती वा जोखिमपूर्ण काममा लगाउने,
(ड) हडताल, बन्द, चक्काजाम, जुलुस, धर्ना, प्रदर्शनमा प्रयोग गर्ने,
(ढ) गैरकानुनी थुना, कैद, कारावास वा नजरबन्दमा राख्ने, नेल, हतकडी लगाउने वा यातना दिने,
(ण) आतङ्कित पार्ने वा धम्क्याउने, तिरस्कार, भेदभाव, उपेक्षा, बहिष्कार वा घृणा गर्ने, अमानवीय वा अपमानजनक व्यवहार गर्ने, एक्ल्याउने वा मानसिक पीडा दिने, मानसिक वा अन्य कुनै किसिमको सजाय दिने,
(त) वयस्कहरूका लागि खोलिएका डान्सबार, क्यासिनो लगायतका मनोरञ्जनस्थलमा लैजाने वा प्रवेश गर्न दिने एवं वयस्कका लागि भनी तोकिएका चलचित्र, श्रव्यदृश्य आदि देखाउने,
(थ) जुवा, तासजस्ता लतमा संलग्न गराउने,
(द) कुनै प्रकारको भेदभाव गर्ने, हेलाँ गर्ने वा उपहासको पात्र बनाउने, बहिष्कार गर्ने, यस ऐन बमोजिम बाहेक परित्यक्त गर्ने वा बालगृहमा राख्ने
(ध) बालबालिकालाई शारीरिक र मानसिक क्षति पुग्ने अन्य कुनै कामहरू गर्ने वा गराउने,
(न) अन्तर्लिङ्गी बालबालिकालाई जीवन रक्षाका लागि बाहेक लिङ्ग परिवर्तन वा कुनै लिङ्ग कायम गर्ने गरी शल्यक्रिया गर्ने,
(प) प्रत्यक्ष, विद्युतीय वा अन्य माध्यम प्रयोग गरी सताउने, कष्ट दिने (बुलिङ्ग)
(फ) कानून बमोजिम बाहेक बालबालिकालाई जबरजस्ती अनाथ घोषणा गर्ने वा अनाथको रुपमा दर्ता गर्ने

.

२२. **बालयौनदुर्व्यवहार गरेको मानिने :** (१) कसैले बालबालिका उपर देहायको कुनै कार्य गरे, गराएमा बालयौनदुर्व्यवहार गरेको मानिनेछ :

(क) जबरजस्ती वा मञ्जुरीले यौनसम्बन्ध राख्ने वा सोको प्रयास गर्ने,
(ख) वेश्यावृत्ति वा अन्य यौनजन्य कार्यमा प्रयोग गर्ने
(ग) यौनदुर्व्यवहार गर्ने उद्देश्यले वा कसैलाई यौनजन्य सेवा उपलब्ध गराउने उद्देश्यले बालबालिकाको प्रयोग गर्ने वा गराउने,

(घ) बालबालिकाको शरीरको संवेदनशील अङ्ग स्पर्श गर्ने, समाउने वा आफ्नो वा अरू कसैको शरीरको संवेदनशील अङ्ग छुन वा समाउन लगाउने वा यौनजन्य मनसायले बेहोस पार्ने, अङ्कमाल गर्ने, चुम्बन गर्ने वा काखमा राख्ने,

(ङ) यौनजन्य क्रियाकलापका लागि प्रस्ताव गर्ने, फकाउने, दबाव दिने वा धम्काउने,

(च) संवेदनशील अङ्ग देखाउने वा देखाउन लगाउने, अश्लील चित्र, श्रव्यदृश्य सामग्री वा यस्तै किसिमका अन्य सामग्री देखाउने,

(छ) यौनजन्य आचरण वा व्यवहार झल्कने अभिव्यक्ति वा हाउभाउ प्रदर्शन गर्ने वा गराउने,

(ज) अश्लिल कार्य तथा सामग्रीमा प्रयोग गर्ने,

(झ) बालबालिकाको अश्लील चित्र वा श्रव्यदृश्य सामग्री निर्माण गर्ने, वितरण गर्ने, भण्डारण गर्ने वा त्यस्ता सामग्री प्रयोग गर्ने,

(ञ) माथि लेखिएका बाहेक कसैको यौनसन्तुष्टि प्राप्त गर्न बालबलिकालाई अन्य कुनै प्रकारले प्रयोग गर्ने ।

(२) उपदफा (१) को खण्ड (घ), (च) र (छ) मा जुनसुकै कुरा लेखिएको भए तापनि सूचना तथा शिक्षा प्रदान गर्ने उद्देश्यले अश्लीलता प्रकट नहुने गरी यौन सम्बन्धी विषयमा शब्द, चित्र, श्रव्य, दृश्य साधन तथा वस्तु वा सामग्री प्रयोग गरी लेखेर, बोलेर, इसारा वा प्रदर्शनको माध्यमबाट कुनै कुरा प्रकट गरेमा वा स्वास्थ्योपचार वा बालबालिकाको हितका निमित्त दुर्घटना, जोखिमबाट बचाउन उद्धार गर्ने क्रममा असल नियतले गरिएका कार्यलाई बालयौनदुर्व्यवहार मानिने छैन ।

**२३. सूचना दिनु पर्ने :** (१) बाबु आमा, संरक्षक तथा बालबालिकालाई प्रत्यक्ष सेवा दिने हेरचाहकर्ता, शिक्षक, स्वास्थ्यकर्मी लगायत अन्य कसैले कुनै बालबालिका उपर हिंसा वा बालयौनदुर्व्यवहार भएको, भइरहेको वा हुन लागेको छ भन्ने थाहा पाएमा तुरून्त नजिकको प्रहरी कार्यालयमा सूचना दिनुपर्दछ ।

(२) उपदफा (१) बमोजिमको सूचना तत्काल सम्बन्धित प्रहरी कार्यालयले बालकल्याण अधिकारीलाई दिनु पर्नेछ र आवश्यक सहयोग लिन सक्नेछ ।

(३) उपदफा (१) बमोजिम दिइएको सूचना गलत साबित भए पनि बालबालिकाको संरक्षण गर्ने मनसायले सूचना दिँदा सूचना दिने व्यक्तिलाई सूचना दिएको आधारमा मात्र कुनै कानुनी कारबाही गरिने छैन ।

(४) उपदफा (१) बमोजिम सूचना दिने व्यक्तिको पहिचान निजले चाहेमा गोप्य राख्नु पर्नेछ ।

**२४. उद्दार, संरक्षण र स्वास्थ्य परीक्षण गर्नु पर्ने :** (१) बालबालिकाविरुद्ध भएको हिंसा वा बालयौनदुर्व्यवहारको सूचना, उजुरी वा जानकारी प्राप्त भएमा प्रहरी कर्मचारीले आवश्यक विवरण लेखीलेखाई, दर्ता गरी, बालबालिकालाई उद्दार गर्नुपर्ने भए तुरुन्त उद्दार गरी पीडित बालबालिकालाई अस्थायी संरक्षण सेवामा पठाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम उद्दार गर्नु पर्ने भएमा तोकिए ढाँचामा लेखाजोखा गरी बालबालिकाको उच्चतम हित निर्धारण गरेर मात्र गर्नु पर्नेछ ।

(३) प्रहरी कर्मचारीले पीडित बालबालिकालाई शारीरिक वा मानसिक पीडा परेको देखिएमा तत्काल उपचारको लागि नजिकको अस्पताल वा स्वास्थ्य केन्द्रमा पठाई निजको स्वास्थ्य परीक्षण र उपचार गराउनु पर्नेछ ।

(४) प्रहरी कर्मचारीले पीडित बालबालिकाको बयान लिँदा बालबालिकाको बाबुआमा, परिवारका अन्य वयस्क सदस्य वा संरक्षकको उपस्थित हुनसक्ने भएसम्म उनीहरूको उपस्थितिमा नभए सामाजिक संस्थाका महिला प्रतिनिधि वा सामाजिक कार्यकर्ताको उपस्थितिमा गर्नु पर्नेछ । तर, बाबुआमा वा संरक्षकले बालबालिकाविरुद्ध हिंसा वा बालयौनदूर्व्यवहार गरेकोमा बयान लिँदा भने उनीहरूलाई उपस्थित गराउनु हुँदैन ।

(५) उपदफा (३) बमोजिम स्वास्थ्य परीक्षण तथा स्वास्थ्योपचार गराउँदा खर्च लाग्ने भएमा नेपाल सरकारले व्यहोर्नेछ ।

**२५. अस्थायी संरक्षण सेवा :** (१) तत्काल उद्दार तथा संरक्षण गर्न आवश्यक देखिएका बालबालिकालाई सुरक्षित बसोबासको व्यवस्था मिलाउन नेपाल सरकारले अस्थायी संरक्षण सेवाको प्रबन्ध गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको सेवाको लागि नेपाल सरकारले अस्थायी संरक्षण सेवा केन्द्र स्थापना तथा सञ्चालन गर्न सक्नेछ र बाल हेल्पलाइन, बालबालिका खोजतलास समन्वय केन्द्र लगायत सञ्चालनमा रहेका अन्य तोकिएका सेवा केन्द्र, दफा ३६ बमोजिमका आवासीय बालगृहलाई समेत प्रयोग गर्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिम अस्थायी संरक्षण सेवाको लागि नेपाल सरकारले तोकिए बमोजिमको योग्यता र मापदण्ड पुरा गरेका व्यक्तिले प्रदान गर्ने पारिवारिक संरक्षण वा कानुन बमोजिम स्थापित संस्थाले सञ्चालन गरेको संरक्षण सेवालाई प्रयोग गर्न सक्नेछ ।

(४) उपदफा (२) र (३) बमोजिम अस्थायी संरक्षण सेवा सञ्चालन गर्ने व्यक्ति वा संस्थालाई नेपाल सरकारले तोकिए बमोजिम आर्थिक तथा प्राविधिक सहयोग र क्षमता विकास गर्न सक्नेछ ।

(५) अस्थायी संरक्षण सेवाको सञ्चालन कार्यविधि, सूचीकरण, गुणस्तर, अनुगमन लगायतका अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**२६. अभियुक्तलाई थुनामा राखी कारबाही गर्नु पर्ने :** (१) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि बालबालिका बाहेकका कुनै व्यक्तिलाई यस परिच्छेद बमोजिमको कसूरमा कारबाही गर्दा तत्काल प्राप्त प्रमाणबाट अभियुक्तले एक वर्षभन्दा बढी कैद सजाय पाउने कसूर गरेको हो भन्ने विश्वास गर्ने मनासिब आधार भएमा अदालतले त्यस्तो अभियुक्तलाई थुनामा राखी कारबाही गर्नु पर्नेछ ।

(२) तत्काल प्राप्त प्रमाणबाट कसुरदार हो भनी देखिने अभियुक्त सार्वजनिक निकाय वा निजी तथा सामाजिक संस्थामा कार्यरत रहेछ भने निजलाई अदालतको अन्तिम निर्णय नभएसम्मको निमित्त निलम्बन गरिनेछ ।

**२७. अयोग्य मानिने :** (१) दफा २२ बमोजिम बालयौनदुर्व्यवहारमा कसुरदार ठहरेको व्यक्तिले नैतिक पतन देखिने फौजदारी अभियोग गरेको मानिनेछ ।

(२) बालबालिकासँग प्रत्यक्ष काम गर्ने कुनै पनि सार्वजनिक वा निजी संस्थामा काम गर्ने व्यक्तिले दफा २२ बमोजिम बालयौनदुर्व्यवहार गरेको ठहरेमा निजलाई बर्खास्त गरी कसूरको गाम्भीर्यता र प्रकृतिको आधारमा भविष्यमा बालबालिकासँग प्रत्यक्ष सम्बन्ध राखी गर्नुपर्ने कार्यका लागि कम्तिमा १० वर्षसम्म अयोग्य मानिनेछ ।

**२८. पीडित बालबालिकाका अधिकार :** (१) पीडित बालबालिकालाई अनुसन्धान र न्यायिक प्रक्रियाको हरेक चरणमा देहायका बाल अनूकुल न्यायको अधिकार हुनेछ :

(क) आफूले बुझ्ने भाषामा जानकारी पाउने ।

(ख) सहभागी वा संलग्न हुने ।

(ग) व्यक्तिगत परिचयात्मक विवरण गोप्य राख्न पाउने ।

(घ) पीडकबाट मनासिब माफिकको क्षतिपूर्ति भराइ पाउने ।
तर, यस खण्डले पीडितले राज्यबाट क्षतिपूर्ति पाउन सक्ने अवसरलाई सीमित पारेको मानिने छैन ।

(ङ) निःशुल्क कानुनी सहायता पाउने र चाहेमा अलग्गै कानुन व्यवसायी राख्न पाउने ।

(च) अनुसन्धान गर्ने निकाय वा अदालतले प्रयोग गर्ने भाषा पीडितले नबुझ्ने भएमा निःशुल्क दोभाषे, साङ्केतिक भाषा विज्ञ वा अनुवादक उपलब्ध गराउन पाउने ।

(छ) अनुसन्धान गर्ने निकाय वा अदालतले गरेका निर्णय तथा आदेश लगायतका कागजातहरूको प्रतिलिपि निःशुल्क पाउने ।

(ज) पीडक वा निजको पक्षबाट हुन सक्ने हानिबाट सुरक्षित हुन प्रहरी संरक्षण पाउने ।

(झ) बन्द इजलासबाट आफ्नो मुद्दाको सुनुवाइ हुने ।

(२) यस ऐन अर्न्तगत कसूरजन्य कार्यको आरोप लागेका बालबालिकाका लागि उपलब्ध सुविधा तथा सेवाहरू आवश्यकता अनुसार पीडित बालबालिकाका निमित्त पनि उपयोग गर्न सकिनेछ ।

**२९. पुनर्स्थापना केन्द्र वा सेवा :** (१) बालबालिकाविरुद्धको हिंसा वा बालयौनदुर्व्यवहारबाट पीडित बालबालिकालाई शारीरिक वा मानसिक उपचार गराउन वा मनोसामाजिक सहयोग प्रदान गर्न तथा सामाजिक पुनर्स्थापना गराउनको लागि नेपाल सरकारले आवश्यकता अनुसार पुनर्स्थापना केन्द्रको स्थापना र पुनर्स्थापना सेवाहरूको सञ्चालन गर्नेछ ।

(२) पुनर्स्थापना केन्द्रमा रहेका बालबालिकाको निमित्त आवास, खानपीन, आवश्यकता अनुसार लत्ताकपडा, औषधि उपचार र मनोविमर्श लगायतका सुविधा उपलब्ध गराउनु पर्नेछ ।

(३) पुनर्स्थापना केन्द्र र सेवाको स्वीकृति, सञ्चालन एवं व्यवस्थापनसम्बन्धी मापदण्ड तथा अनुगमन लगायत अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**३०. बालसंरक्षण सम्बन्धी मापदण्ड :** (१) बालबालिकासँग प्रत्यक्ष काम गर्ने प्रत्येक सार्वजनिक निकाय तथा निजी क्षेत्र एवं सामाजिक संस्थाहरूले बालबालिकाविरुद्धको हिंसा वा बालयौनदुर्व्यवहारको रोकथाम गर्न, बालबालिकाको संरक्षण सुनिश्चित गर्न र उजुरीको तत्काल कारबाही गर्नका निमित्त संस्थागत तहमा बालसंरक्षण मापदण्ड निर्माण गरी लागू गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निर्माण गरिएको बालसंरक्षण मापदण्ड कार्यान्वयन गर्नु प्रत्येक सार्वजनिक निकाय तथा निजी क्षेत्र एवं सामाजिक संस्थाका प्रमुखको दायित्व हुनेछ ।

## परिच्छेद-४:
## विशेष संरक्षणको आवश्यकता भएका बालबालिका र हेरचाहको व्यवस्था

**३१. विशेष संरक्षणका आवश्यकता भएका बालबालिका** : (१) देहायका बालबालिकालाई विशेष संरक्षणको आवश्यकता भएका बालबालिका मानिनेछ :

(क) अनाथ बालबालिका,

(ख) अस्पताल वा अन्य कुनै सार्वजनिक स्थानमा अलपत्र अवस्थामा छाडिएका वा फेला परेका, बाबुआमाबाट अलग्गिएका वा बाबुआमा पत्ता नलागी बेवारिस भएका बालबालिका,

(ग) बाबुआमालाई गम्भीर शारीरिक वा मानसिक अपाङ्गता वा अशक्तता भएको कारण उचित हेरचाह नपाएका बालबालिका,

(घ) कानुनी विवादमा परेका बालबालिकामध्ये दिशान्तरण प्रक्रिया अन्तर्गत वैकल्पिक हेरचाहको लागि सिफारिस भएका बालबालिका,

(ङ) थुनामा रहेका वा बन्दी बाबु वा आमासँग आश्रित भई कारागारमा रहेका बालबालिका,

(च) जबरजस्ती करणीबाट जन्मिएको सन्तानलाई आफूले पालनपोषण गर्न नसक्ने भनी बालकल्याण अधिकारीसमक्ष निवेदन परेका बालबालिका,

(छ) बाबु, आमा वा अभिभावकबाट दुर्व्यवहार, हिंसा वा बेवास्ता भएको कारणले बालबालिकाको उच्चतम हितको लागि परिवारबाट अलग गरिएका बालबालिका,

(ज) जबरजस्ती वा बँधुवा प्रकृतिका वा जोखिमपूर्ण वा निकृष्ट प्रकृतिको वा प्रचलित कानुन विपरीत श्रममा संलग्न वा भई जीवनयापन गरिरहेका, धुमपान, मद्यपान एवं अन्य लागूऔषधको कूलतमा फसेका, एच.आई.भी. सङ्क्रमित बालबालिका,

(झ) गम्भीर शारीरिक वा मानसिक स्वास्थ्य समस्या वा गम्भीर अपाङ्गता भएको कारण जीवन जोखिममा रही बाबुआमा वा परिवारबाट उपचारको व्यवस्था हुन नसकेको वा सामान्य जीवन यापन गर्न कठिनाइ भएका बालबालिका,

(ञ) दफा २१ वा २२ बमोजिम बालबालिकाविरुद्धको हिंसा वा बालयौनदूर्व्यवहारबाट पीडित भएका वा त्यस्तो जोखिममा रहेका बालबालिका,

(ट) सशस्त्र द्वन्द्व वा विपदका कारणले बाबुआमा दुवै वा आमाबाबुमध्ये एक गुमाएका वा आफू नै शारीरिक वा मानसिक रूपमा घाइते भएका वा अपाङ्गता भएका बालबालिका

(ठ) मन्त्रालयले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी विशेष संरक्षणको आवश्यकता भएका बालबालिका भनी तोकेका अन्य बालबालिका ।

(२) उपदफा (१) बमोजिमका बालबालिकाकालाई आवश्यकता अनुसार उद्धार, अस्थायी संरक्षण, स्वास्थ्य उपचार, मनोसामाजिक सहयोग, पारिवारिक पुनर्मिलन, पुनर्स्थापना, वैकल्पिक हेरचाह, परिवार सहयोग, सामाजिक सुरक्षा लगायत अन्य सेवा तथा सहयोग तोकिए बमोजिम हुनेछ ।

(३) यस दफामा अन्यत्र उल्लेख भए अतिरिक्त विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको लागि आवश्यक अन्य सेवा सुनिश्चित गर्नु गराउनु बालकल्याण अधिकारीको कर्तव्य हुनेछ ।

३२. **सेवा प्रदान गर्नु पर्नेः** (१) विशेष संरक्षणको आवश्यकता भएका बालबालिका भए रहेको थाहा पाउने व्यक्तिले सो कुराको सूचना स्थानीय प्रहरी कार्यालय वा सम्बन्धित स्थानीय तहको बालअधिकार समिति वा जिल्ला बालअधिकार समिति वा बालकल्याण अधिकारीलाई दिनु पर्नेछ ।

(२) बालकल्याण अधिकारी बाहेक उपदफा (१) बमोजिमको सूचना प्राप्त गर्ने अन्य निकायले सो सूचना २४ घण्टा भित्र बालकल्याण अधिकारीलाई दिनु पर्नेछ ।

(३) उपदफा (१) वा (२) बमोजिम जानकारी प्राप्त भएमा बालकल्याण अधिकारीले निज बालबालिकाको उद्दार गर्नुपर्ने देखेमा उद्दार गरी अस्थायी संरक्षण सेवामा राख्न सक्नेछ ।

(४) उपदफा (१) वा (२) बमोजिम प्राप्त सूचनाको आधारमा बालकल्याण अधिकारीले उक्त बालबालिकाको अवस्थाको जाँचबुझ तथा लेखाजोखा, सहयोगको योजना तर्जुमा तथा कार्यान्वयन, आवश्यक सेवाको लागि सिफारिस र अनुगमन गर्नु पर्छ ।

(५) उपदफा (४) बमोजिम बालबालिका र परिवारलाई प्रदान गरिने प्रत्यक्षा सेवा कार्यहरूका लागि बालकल्याण अधिकारीले आफ्नो निर्देशनअनुरूप कार्य गर्ने गरी सूचीकृत सेवा प्रदायक संस्थालाई जिम्मेवारी दिन सक्नेछ ।

(६) उपदफा (४) बमोजिम जाँचबुझ तथा लेखाजोखा गर्दा अनाथ, परित्यक्त वा एक्ला वा अलग्गिएका ( बेवारिसे) बालबालिकाको हक लाग्ने सम्पत्ति समेत खोजी फेला पारेमा बालकल्याण अधिकारीले त्यस्तो सम्पत्तिको संरक्षण गरिदिनु पर्दछ । यस प्रकृयामा बालबालिकाको हक लाग्ने सम्पत्तिसम्बन्धी विवरण सम्बन्धित निकायले बालकल्याण अधिकारीलाई उपलब्ध गराउनु पर्नेछ ।

(७) उपदफा (४) बमोजिमको जाँचबुझ तथा लेखाजोखा प्रतिवेदनले बालबालिका पित्तृत्व र मात्तृत्वको ठेगान नभएका देखिएमा बालकल्याण अधिकारीले जन्म दर्ता तथा नाबालक परिचयपत्रका निमित्त सिफारिस गरिदिनु पर्दछ ।

(८) यस दफा बमोजिमको कार्यको लागि कार्यविधि तोकिए बमोजिम हुनेछ ।

३३. **वैकल्पिक हेरचाहको व्यवस्था :** (१) दफा ३१ को उपदफा (१) को खण्ड (क), (ख), (ग), (घ), (ङ), (च) (छ) बमोजिमका बालबालिकालाई वैकल्पिक हेरचाहको आवश्यकता भएका बालबालिका मानिनेछ ।

(२) उपदफा (१) बमोजिमको बालबालिकालाई देहायको प्राथमिकताको आधारमा बाल कल्याण अधिकारीले वैकल्पिक हेरचाहको व्यवस्था मिलाउनु पर्नेछ :

(क) बालबालिकाको आमा वा बाबुको तर्फका नातेदार,

(ख) बालबालिकालाई हेरचाह गर्न इच्छुक परिवार वा व्यक्ति,

(ग) बालबालिकालाई परिवारमा आधारित हेरचाह गर्ने संस्था,

(घ) आवासीय बालगृह ।

(४) अनाथ बालबालिका पन्ध्र वर्षभन्दा माथिको भएमा र उक्त बालबालिका आफैं बसोबास गर्न सक्ने देखिएमा बालकल्याण अधिकारीले दफा ३५ बमोजिम संरक्षक तोकी बालबालिकालाई स्वतन्त्र बसोबासको व्यवस्था मिलाउन सक्नेछन् ।

(५) वैकल्पिक हेरचाह गर्ने परिवार वा संस्थालाई सहयोग आवश्यक भएमा नेपाल सरकारले आर्थिक सहयोगको व्यवस्था गर्नु पर्नेछ ।

(६) दफा ३१ को उपदफा १ को खण्ड (क), (ख), (ग) र (च) बमोजिमका वैकल्पिक हेरचाहमा राखिएका बालबालिकालाई सर्वोत्तम हितका लागि परिवारिक वातावरण प्रदान गर्न सकिने देखिएमा दफा ३४ बमोजिम धर्मपुत्र वा धर्मपुत्री दिन सकिनेछ ।

(७) वैकल्पिक हेरचाहमा राखिएका बालबालिकाको बाबुआमा भए सो र बालबालिकाको भागमा पर्ने सम्पति पत्ता लगाउन संरक्षक वा आवासीय बालगृहले निरन्तर प्रयास गर्नु पर्दछ र पैत्रिक सम्पतिको संरक्षण गर्न आवश्यक प्रक्रिया अघि बढाउनु पर्नेछ ।

(८) वैकल्पिक हेरचाहसम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

३४. **धर्मपुत्र वा धर्मपुत्री भई जान सक्ने :** (१) दफा ३१ को उपदफा १ को खण्ड (क), (ख), (ग) र (च) बमोजिमका बालबालिकालाई धर्मपुत्र वा धर्मपुत्री भई जान योग्य छन् भनी बालकल्याण अधिकारीले प्रमाणित गरेपछि मात्र प्रचलित कानुन अनुसार धर्मपुत्र वा धर्मपुत्रीमा दिन हुन्छ । तर दफा ३१ को उपदफा १ को खण्ड (ग) बमोजिमको बालबालिकाको हकमा बाबुआमालाई निको नहुने किसिमको गम्भीर शारीरिक वा मानसिक अपाङ्गता वा अशक्तता भएमा निज बालबालिकालाई धर्मपुत्र वा धर्मपुत्रीमा दिन सकिनेछ ।

(२) धर्मपुत्र वा धर्मपुत्रीमा दिँदा देशभित्र धर्मपुत्र वा धर्मपुत्री लिने व्यक्ति भएसम्म बालबालिकालाई अन्तरदेशीय धर्मपुत्र वा धर्मपुत्रीका रूपमा पठाउनु हुँदैन ।

(३) उपदफा (१) बमोजिम धर्मपुत्र वा धर्मपुत्री भई गएका बालबालिकालाई स्थायी हेरचाहमा गएको मानिनेछ ।

(४) नेपाल सरकारले यस ऐन बमोजिम हुने गरी देशभित्र हुने वा अन्तर्देशीय धर्मपुत्र, धर्मपुत्रीसम्बन्धी शर्त तथा प्रक्रिया सहितको नियमावली जारी गर्न सक्नेछ ।

३५. **संरक्षक तोक्ने :** (१) दफा ३३ बमोजिम वैकल्पिक हेरचाहको प्रबन्ध गर्दा हेरचाहकर्ता व्यक्ति भए संरक्षक तोकी र संस्था भए संरक्षकत्वको अख्तियारी प्रदान गरी हेरचाहको व्यवस्था मिलाउनु पर्नेछ ।

(२) उपदफा (१) बमाजिम वैकल्पिक हेरचाहमा गएका बाहेक अन्य बालबालिकाको हकमा संरक्षक तोक्नको लागि निवेदन परेमा निज बालबालिकाको हेरचाह तथा पालनपोषण गरिरहेका व्यक्तिलाई बालकल्याण अधिकारीले उपयुक्त देखेमा संरक्षक नियुक्त गर्न सक्नेछ ।

(३) संरक्षक तोक्ने तथा संरक्षकत्वको अख्तियारी प्रदान गर्ने सम्बन्धी शर्त प्रक्रिया, संरक्षकको योग्यता, काम, कर्तव्य र अधिकार लगायतका अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

३६. **आवासीय बालगृहको स्थापना :** (१) नेपाल सरकारले आवश्यकतानुसार आवासीय बालगृहको स्थापना गर्नेछ ।

(२) यस ऐन जारी हुँदाका बखत केन्द्रीय वा जिल्ला बालकल्याण समितिबाट बालगृह सञ्चालन अनुमति लिई सञ्चालनमा रहेका आवासीय बालगृहलाई नेपाल सरकारले परिचालन गर्न सक्नेछ ।

(३) कसैले पनि यस ऐन बमोजिम स्वीकृति नलिइकन आवासीय बालगृह सञ्चालन गर्न वा बालगृहमा बालबालिका राख्न पाइने छैन ।

(४) उपदफा (२) मा जेसुकै लेखिए पनि बालबालिकाविरुद्धको हिंसा वा बालयौनदुर्व्यवहारको दोषी प्रमाणित भएको, आर्थिक अपचलन वा नैतिक पतन देखिने फौजदारी कसूरमा सजाय पाएका व्यक्ति पदाधिकारी वा कर्मचारीका रूपमा कार्यरत रहेको संस्थालाई आवासीय बालगृह सञ्चालनको अनुमति दिइने छैन ।

(५) उपदफा (२) बमोजिम स्थापना भएको आवासीय बालगृहलाई नेपाल सरकारले आर्थिक, भौतिक, प्राविधिक तथा अन्य सहयोग प्रदान गर्न सक्नेछ ।

(६) आवासीय बालगृहले सम्बन्धित बालगृहमा रहेका बालबालिकाको प्रतिवेदन तोकिए बमोजिम बाल कल्याण अधिकारी समक्ष पेश गर्नु पर्नेछ ।

(७) आवासीय बालगृहको सञ्चालन अनुमति, नवीकरण, बालबालिकाको भर्ना, सेवाको गुणस्तर र अनुगमनसम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

३७. **पुनर्मिलन गराउनु पर्ने :** (१) आवासीय बालगृहमा रहेका बालबालिकाको बाबुआमा वा अभिभावक पत्ता लागेमा र बालबालिकाको उच्चतम हित हुने भएमा पारिवारिक पुनर्मिलन गर्नु पर्दछ ।

(२) यस ऐन लागू भएको एक वर्षभित्र आवासीय बालगृहले आफ्ना गृहमा भएका प्रत्येक बालबालिकाको व्यक्तिगत विवरण र बालबालिकालाई भर्ना गर्दाका कागज प्रमाणहरूको प्रतिलिपि सम्बन्धित बालकल्याण अधिकारीसमक्ष बुझाउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम प्राप्त विवरण उपर बालकल्याण अधिकारीले जाँचबुझ गर्नु, गराउनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम जाँचबुझ गर्दा बालबालिकाको बाबुआमा दुवै वा कुनै एक रहे भएको पत्ता लागेमा ती प्रत्येक बालबालिकाको पारिवारिक पुनर्मिलनको छुट्टा छुट्टै योजना बनाई कार्यान्वयन गर्नु पर्नेछ ।

(५) उपदफा (३) बमोजिम जाँचबुझ गर्दा बालबालिकालाई दफा ३३ बमोजिम आवासीय बालगृह बाहेकको अन्य वैकल्पिक हेरचाहको व्यवस्था गर्न उपयुक्त देखिएमा त्यस्तो हेरचाहको व्यवस्था गर्नु पर्नेछ ।

(६) उपदफा (३) बमोजिम जाँचबुझ गर्दा बालबालिकाको पृष्ठभूमिका बारेमा कुनै कुरा पत्ता लागेन भने एकपटकका निमित्त यस ऐन लागू हुनु भन्दा पहिले बालगृहमा भर्ना भएका बालबालिकालाई पित्तृत्व र मातृत्वको ठेगान नभएका बालबालिका भए सो व्यहोरा बालकल्याण अधिकारीले प्रमाणित गरी नागरिकता प्रमाणपत्र लिनको लागि सिफारिस गर्नु पर्नेछ ।

(७) यस ऐन लागू भएपछि दफा २५ र दफा ३३ बमोजिम बाहेक आवासीय बालगृहमा बालबालिकालाई राख्नु हुँदैन ।

३८. **संस्थाको प्रमुख जिम्मेवार हुने :** (१) यस परिच्छेद बमोजिम संरक्षकको जिम्मेवारी पाएको संस्था प्रमुख बालबालिकाको हेरचाह तथा पालनपोषणको निमित्त अन्तिम जिम्मेवार मानिनेछन् ।

**<u>स्पष्टीकरण :</u>** यस दफाको प्रयोजनका लागि “प्रमुख” भन्नाले त्यस्तो संस्थाको प्रमुख कार्यकारी अधिकृत वा सो हैसियतमा काम गर्ने अध्यक्ष, प्रबन्ध निर्देशक वा संस्थाको नियमानुसार तोकिएका अन्य कुनै अधिकृत सम्झनु पर्छ ।

(२) यस ऐनमा तोकिएको संरक्षकको दायित्व पुरा गर्ने व्यवस्था मिलाउनु संस्था प्रमुखको कर्तव्य हुनेछ ।

(३) संरक्षकको जिम्मेवारी पाएको संस्थाले तोकिएको शर्त र प्रक्रिया विपरीत कार्य गरेमा त्यस्तो संस्थालाई बालकल्याण अधिकारीले कुन शर्त उल्लंघन गरेको हो सोसमेत खुलाई बालबालिकाको संरक्षण कार्य गर्न रोक लागाउन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम रोक लगाइएको संस्थाले अपेक्षित सुधार गरेको कुरा अनुगमनबाट पुष्टि भएमा बालकल्याण अधिकारीले उक्त संस्थालाई बालसंरक्षण कार्यमा लागाइएको रोक फुक्का गर्नेछ ।

३९. **अनुगमन तथा प्रतिवेदन :** (१) यस परिच्छेद बमोजिम बालबालिकाको हेरचाह र पालनपोषण गर्न जिम्मा लिएका दफा ३५ बमोजिमका संरक्षकले बालबालिकासम्बन्धी विवरण प्रत्येक आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र बालकल्याण अधिकारीसमक्ष पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त विवरणको आधारमा सम्बन्धित स्थानीय तहको बालअधिकार समितिले प्रतिवेदन तयार गरी वार्षिक रूपमा जिल्ला बालअधिकार समितिसमक्ष पेश गर्नु पर्नेछ ।

(३) जिल्ला बालअधिकार समितिले जिल्लाभरका बालबालिकाको समग्र स्थिति र बालबालिकाका लागि उपलब्ध सेवाको गुणस्तर तथा प्रभावकारिताबारे आवधिक रूपमा निरीक्षण र अनुगमन गर्नेछ । यसरी अनुगमन गरी प्राप्त भएको सूचना जानकारी, तथ्य तथ्याङ्क तथा बालबालिकासम्बन्धी सूचना जानकारी एवं खण्डीकृत तथ्याङ्कलाई नियमित रूपमा अद्यावधिक गरिनेछ ।

४०. **अस्थायी संरक्षण एवं वैकल्पिक हेरचाहको अनुगमन र मूल्याङ्कन सम्बन्धी व्यवस्था** : बालबालिकालाई अस्थायी संरक्षण सेवा र वैकल्पिक हेरचाह गर्ने व्यक्ति, परिवार वा संस्था र उनीहरूले प्रदान गरेको सेवाको गुणस्तर

सुनिश्चित गर्न नियमित अनुगमन र मूल्याङ्कन गर्ने गराउने तथा सेवाको सम्बन्धमा आवश्यक निर्देशन दिने जिम्मेवारी मन्त्रालयको हुनेछ ।

## परिच्छेद-५ :
## बालन्याय सम्बन्धी व्यवस्था

४१. **कसूरजन्य कार्यको सूचना दिनु पर्ने :** (१) बालबालिकाले कसूरजन्य कार्य गरेको वा गर्न लागेको कुरा थाहा पाउने व्यक्तिले सो कुराको लिखित वा मौखिक सूचना नजिकको प्रहरी कार्यालयलाई दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम कसैले मौखिक सूचना दिएकोमा प्रहरी कार्यालयले निजले भने बमोजिमका सबै कुराहरू समेटी निवेदनको रूपमा लेखी सो कुरा निजलाई सुनाई सो कागजमा निजको सहीछाप समेत गराई राख्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम प्राप्त भएको लिखित वा मौखिक सूचनालाई प्रहरी कार्यालयले छुट्टै दर्ता किताबमा दर्ता गरी राख्नु पर्नेछ ।

४२. **अनुसन्धान सम्बन्धी व्यवस्था :** (१) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारले बालबालिका उपर आरोप लागेको कसूरजन्य कार्यको अनुसन्धान गर्न प्रत्येक जिल्ला प्रहरी कार्यालयमा छुट्टाछुट्टै इकाइ गठन गर्नेछ ।

(२) उपदफा (१) बमोजिम छुट्टै इकाइ गठन नभएसम्म नेपाल सरकारले बालन्याय सम्बन्धी तालीम प्राप्त प्रहरी कर्मचारीलाई सो कार्य गर्ने गरी तोक्न सक्नेछ ।

४३. **अनुसन्धानका लागि नियन्त्रणमा लिने :** (१) दफा ४१ बमोजिम निवेदन वा मौखिक सूचना प्राप्त भएमा प्रहरी कर्मचारीले यथाशीघ्र सो कसूरको सम्बन्धमा अनुसन्धान प्रारम्भ गर्नु पर्नेछ । त्यसरी अनुसन्धान गर्दा कसूरजन्य कार्यको आरोप लागेको बालबालिकालाई अनुसन्धानको लागि नियन्त्रणमा नलिई नहुने देखिएमा अन्तिम विकल्पको रूपमा सकेसम्म छोटो समयका लागि मात्र प्रहरी कर्मचारीले त्यस्तो बालबालिकालाई नियन्त्रणमा लिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रहरी कर्मचारीले बालबालिकालाई नियन्त्रणमा लिंदा वा सोधपुछ गर्दा निजको बाबु आमा वा संरक्षक वा बालकल्याण अधिकारी वा सामाजिक कार्यकर्ताको उपस्थितिमा बालमैत्री वातावरणमा गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम नियन्त्रणमा लिँदा बालबालिकालाई हतकडी लगाउने वा बल प्रयोग गर्न पाइने छैन ।

(४) उपदफा (१) बमोजिम नियन्त्रणमा लिइएको बालबालिकालाई आवश्यक देखिएमा मनोसामाजिक सहयोग उपलब्ध गराउने वा सामाजिक कार्यकर्ता वा बालमनोविज्ञसँग परामर्श गर्ने व्यवस्था गर्नु पर्नेछ ।

(५) उपदफा (१) बमोजिम नियन्त्रणमा लिइएको बालबालिकालाई दफा ५० बमोजिम आफैले दिशान्तर गर्न सक्ने भएमा अनुसन्धान अधिकारीले प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि त्यस्तो बालबालिकासँग आफैले बयान लिन सक्नेछ ।

(६) उपदफा (१) बमोजिम नियन्त्रणमा लिइएको बालबालिकालाई बाटोको म्यादबाहेक अठार घण्टाभित्र बालअदालतसमक्ष पेश गर्नु पर्नेछ र बालअदालतको अनुमतिले एक पटकमा पाँच दिनमा नबढ्ने गरी चौध दिनसम्म निगरानी कक्षमा राख्न सकिनेछ ।

४४. **निगरानी कक्ष सम्बन्धी व्यवस्था :** (१) अनुसन्धानका लागि नियन्त्रणमा लिइएको बालबालिकालाई अनुसन्धान अवधिभर राख्ने प्रयोजनको लागि नेपाल सरकारले निगरानी कक्ष स्थापना गर्नेछ । निगरानी कक्षको वातावरण बालमैत्री हुनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको निगरानी कक्ष स्थापना नभएसम्मको लागि प्रत्येक जिल्ला प्रहरी कार्यालयमा अलग्गै कक्ष स्थापना गरिनेछ ।

(३) उपदफा (१) र (२) बमोजिम नियन्त्रणमा राखिएका बालबालिकालाई उचित व्यवहार, खानपीन, स्वास्थ्य सेवा, हेरचाह र मनोसामाजिक सहयोग उपलव्ध गराउनु पर्नेछ ।

(४) अनुसन्धानका लागि नियन्त्रणमा लिइएको बालबालिकालाई आवश्यकता अनुसार सामाजिक कार्यकर्ता, बालमनोविज्ञको परामर्श तथा मनोसामाजिक सहयोग उपलब्ध गराउनु पर्नेछ ।

(५) निगरानी कक्षको स्थापना, सञ्चालन, व्यवस्थापन तथा अनुगमन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**४५. पुर्पक्ष सम्बन्धी व्यवस्था :** (१) पाँचवर्ष भन्दा बढी बालसुधार गृहमा राख्नुपर्ने कसूरको अभियोग लागेको बालबालिका तत्काल प्राप्त प्रमाणबाट कसुरदार देखिने भएमा वा कसुरदार हो भन्ने विश्वास गर्ने कुनै मनासिब आधार भएमा बाल अदालतले निजलाई कारण खुलाई पुर्पक्षको लागि बाल सुधारगृहमा राख्न सक्नेछ ।

तर, कसूरको अभियोग लागेको बालबालिकाको शारीरिक तथा मानसिक अवस्था, उमेर, कसूर गर्दाको परिस्थितिलाई ध्यानमा राख्दा निजलाई बालसुधार गृहमा राख्न उपयुक्त हुँदैन भन्ने कुरा बाल अदालतलाई लागेमा शर्तहरू तोकी निजको बाबुआमा, परिवारको अन्य सदस्य वा संरक्षकको जिम्मा लगाई वा बालबालिकाको हकहितको संरक्षण गर्ने कार्यमा संलग्न कुनै सामाजिक संस्थाको जिम्मा लगाई मुद्दाको पुर्पक्ष गर्ने आदेश दिन सक्नेछ ।

(२) उपदफा (१) को अवस्थामा बाहेक कानुनसँग विवादमा परेका अन्य बालबालिकालाई चाहिएको बखत उपस्थित गराउने शर्तमा आमा, बाबु, परिवारको अन्य सदस्य वा संरक्षक र निजहरू नभए बालबालिकाको हकहितको संरक्षण गर्ने संस्था वा व्यक्तिको जिम्मा लगाउन सकिनेछ ।

(३) उपदफा (१) र (२) बमोजिम बालबालिका जिम्मा लगाउँदा जिम्मा लिने व्यक्ति र बालबालिकालाई तोकिएको शर्तहरू र तिनको पालना नगरेमा निजले व्यहोर्नु पर्ने परिणामको बारेमा जानकारी गराउनु पर्नेछ ।

(४) उपदफा (१) र (२) बमोजिम कसैको जिम्मामा छाडिएका बालबालिकाले बाल अदालतद्वारा तोकिएका शर्तको पालना नगरेमा निजलाई बाल सुधारगृहमा राखी मुद्दाको पुर्पक्ष गर्न सकिनेछ ।

(५) पुर्पक्षका क्रममा धरौटी वा जमानत बुझाउन नसकेका कारणले मात्र बालबालिकालाई बाल सुधारगृहमा पठाइने छैन ।

**४६. कसूरजन्य कार्यको आरोप लागेका बालबालिकाको अधिकार :** (१) कसूरजन्य कार्यको आरोप लागेका बालबालिकाको न्यायिक प्रक्रियाको हरेक चरणमा देहायको अधिकार हुनेछन् :

(क) आफूविरुद्ध लागेको आरोप, कारबाही, आदेश वा निर्णयको बारेमा आफैले वा बाबु आमा वा संरक्षकमार्फत जानकारी प्राप्त गर्ने,

(ख) आफूविरुद्ध लागेको आरोपको कानुन व्यवसायीद्वारा प्रतिरक्षा गर्न पाउने,

(ग) बालन्याय प्रशासनको सबै चरणमा बाबुआमा वा परिवारसँग नियमित भेटघाट गर्न पाउने,

(घ) न्याय सम्पादनको हरेक प्रक्रियामा गोपनीयताको हक प्राप्त गर्ने,

(ङ) न्याय सम्पादनको सबै प्रक्रियामा डर, धम्की, प्रलोभन र सबै प्रकारका खतराबाट सुरक्षा पाउने । सुरक्षा जोखिम भएमा संरक्षण प्राप्त गर्ने ।

(च) आवश्यक भएमा निःशुल्क दोभाषेको सुविधा प्राप्त गर्ने ।

(छ) बालमैत्री वातावरणमा अनुसन्धान र सुनुवाइ हुने ।

**स्पष्टीकरणः** बालमैत्री वातावरण भन्नाले बालबालिकाको उमेर, परिपक्वता र मनोविज्ञान सुहाउँदो व्यवहार सम्झनु पर्दछ । जसअर्न्तगत बालबालिकाले बुझ्ने भाषाको प्रयोग, त्रासरहित वातावरणको सिर्जना, आमा, बाबु वा परिवारको अन्य सदस्य वा संरक्षकको उपस्थिति, बालबालिकाको वैयक्तिक आवश्यकताको सम्बोधन र आवश्यकता अनुसार सहजकर्ताको उपलब्धता लगायतको अवस्था सम्झनु पर्दछ ।

(ज) संवैधानिक र कानुनी हकको बारेमा जानकारी प्राप्त गर्ने ।

(झ) न्यायिक प्रक्रियाको हरेक चरणमा सहभागी हुने र आफ्नो भनाइ स्वतन्त्र रूपमा व्यक्त गर्ने अवसर प्राप्त गर्ने ।

(२) उपदफा (१) को खण्ड (ख) बमोजिम बालबालिकाको प्रतिरक्षा गर्ने आफ्नै कानुन व्यवसायी नभएमा सम्बन्धित बाल अदालतले वैतनिक कानुन व्यवसायी वा अन्य कुनै इच्छुक कानुन व्यवसायीको सेवा उपलब्ध गराउनु पर्नेछ ।

(३) उपदफा (१) को खण्ड (ज) बमोजिमको सुनुवाइमा बालबालिकाले आफूसँगै निजका बाबुआमा, संरक्षक वा कानुन व्यवसायीलाई सहभागी गराउने सक्नेछन् ।

(४) कसूरजन्य कार्यको अभियोग लागेको बालबालिकालाई बालअदालतबाट अन्यथा निर्णय नहुँदासम्म निर्दोष रहेको मानिनेछ र त्यस्तो बालबालिकालाई आफ्नोविरुद्ध साक्षी हुन कर लगाइने छैन ।

(५) कसूरजन्य कार्य गरेको कारणबाट कुनै पद वा सुविधा प्राप्त गर्न कुनै व्यक्ति कानुन बमोजिम अयोग्य हुने रहेछ भने पनि बालबालिका हुँदा गरेको कसूरजन्य कार्यको आधारमा निज सो पद वा सुविधा प्राप्त गर्न अयोग्य मानिने छैन ।

(६) बालबालिका छँदा गरेको कसूरजन्य कार्यको गणना गरी पटक कायम गरिने र थप सजाय गरिने छैन ।

**४७. बाल अदालत तथा एकीकृत बालन्याय केन्द्र स्थापना गर्न सकिने :** (१) नेपाल सरकारले बालबालिका वादी वा प्रतिवादी भएको मुद्दाको सुनुवाइको निमित्त सर्वोच्च अदालतसँग परामर्श गरी छुट्टै बाल अदालत वा एकीकृत बालन्याय केन्द्र स्थापना गर्नेछ ।

(२) नेपाल सरकारले बाल अदालत वा एकीकृत बालन्याय केन्द्रमा आवश्यक पर्ने प्रहरी कर्मचारी, सरकारी वकिल, जिल्ला न्यायाधीश, चिकित्सक, सामाजिक कार्यकर्ता, बालमनोविज्ञ लगायत अन्य कर्मचारीहरूको आवश्यक व्यवस्था गर्नेछ ।

(३) उपदफा (२) बमोजिम नेपाल सरकारले जिल्ला न्यायाधीशलाई बाल अदालत वा एकीकृत बालन्याय केन्द्रमा खटाउँदा न्याय परिषद्को सहमति लिनु पर्नेछ ।

(४) बाल अदालत वा एकीकृत बालन्याय केन्द्रको स्थापना, क्षेत्राधिकार नेपाल राजपत्रमा प्रकाशित सूचनामा तोकिए बमोजिम हुनेछ ।

(५) बाल अदालत वा एकीकृत बालन्याय केन्द्रलाई जिल्ला अदालत सरह सबै अधिकार प्राप्त हुनेछ ।

(६) बाल अदालत वा एकीकृत बालन्याय केन्द्र सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**४८. बाल इजलासको गठन र अधिकारक्षेत्रको प्रयोग :** (१) दफा ४७ (१) बमोजिम बाल अदालत वा एकीकृत बालन्याय केन्द्र स्थापना नभए सम्मका लागि प्रत्येक जिल्ला अदालतमा एक बाल इजलास रहनेछ ।

(२) प्रत्येक बाल इजलासमा जिल्ला न्यायाधीश, एकजना सामाजिक कार्यकर्ता र बालमनोविज्ञ गरी तीन सदस्यहरू रहनेछन् र बाल इजलासको अधिकार क्षेत्रको प्रयोग तीनै जना सदस्यले सामुहिक रूपमा गर्नेछन् ।

(३) सामाजिक कार्यकर्ता वा बालमनोविज्ञ नियुक्त हुन नसकेको अवस्थामा वा रीतपूर्वक जानकारी दिंदा पनि अदालतमा उपस्थित नभएको अवस्थामा न्यायाधीश एक्लैले मुद्दाको सुनुवाइ, कारबाही र किनारा गर्न बाधा पर्ने छैन ।

(४) उपदफा (१) बमोजिम सामुहिक रूपमा सुनुवाइ गर्दा सामाजिक कार्यकर्ताले सामाजिक अध्ययन प्रतिवेदन र बालमनोविज्ञले मनोवैज्ञानिक अध्ययन प्रतिवेदन न्यायाधीशसमक्ष पेश गर्नेछन् ।

(५) बाल अदालतमा विचाराधीन मुद्दाको कारबाहीको क्रममा बालबालिकालाई मनोसामाजिक समस्या छ भन्ने बाल इजलासलाई लागेमा मनोसामाजिक सहयोगको लागि बालमनोविज्ञ वा मनोपरामर्शदाताको सेवा उपलब्ध गराउने आदेश दिन सक्नेछ ।

(६) सामाजिक कार्यकर्ता र बालमनोविज्ञको योग्यता, नियुक्ति, पारिश्रमिक र सेवाका अन्य शर्तहरू तोकिए बमोजिम हुनेछन् ।

**४९. बाल इजलासबाटै कारबाही र किनारा हुने :** (१) प्रचलित कानुनमा जेसुकै लेखिएको भए पनि कसूरजन्य कार्यको आरोप लागेका बालबालिकाको मुद्दाको सुरु कारबाही र किनारा गर्ने अधिकार बाल इजलासलाई हुनेछ ।

<u>**स्पष्टीकरण :**</u> यस परिच्छेद बमोजिम दिशान्तरण गरिएका मुद्दाहरूको सुरु कारबाही र किनारा बाल इजलासबाट नै भए सरह मानिनेछ ।

(२) मुद्दाको कारबाहीको क्रममा बालबालिकाको उमेर अठार वर्ष पुगेमा पनि त्यस्तो मुद्दा बाल अदालतबाटै कारबाही, सुनुवाइ र किनारा गर्नु पर्नेछ ।

(३) यो ऐन प्रारम्भ हुनुअघि कुनै बालबालिका उपर कसूरजन्य कार्यको आरोप लागी प्रचलित कानुन बमोजिम बाल इजलास वा अन्य निकायमा सुरू कारबाहीको क्रममा रहेका मुद्दा यो ऐन प्रारम्भ भएपछि सम्बन्धित बाल इजलासमा सर्नेछ ।

(४) बालबालिका सहित उमेर पुगेका व्यक्ति संलग्न भएको मुद्दाको हकमा बालबालिकाको मुद्दा बाल इजलासबाट र उमेर पुगेका व्यक्तिको हकमा छुट्टै मिसिल खडा गरी प्रचलित कानुन बमोजिम मुद्दाको सुनुवाइ, कारबाही र किनारा गर्नु पर्नेछ ।

**५०. दिशान्तरण सम्बन्धी व्यवस्था :** (१) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि बालबालिकाले गरेका देहायको कसुरहरूको न्यायिक प्रक्रिया देहाय बमोजम दिशान्तरण हुनेछन् :

(क) बालबालिकाले पहिलोपटक गरेका देहायका कसूरजन्य कार्यहरू गाउँपालिका वा नगरपालिकाले : चोरी, कीर्ते, लुटपीट, ठगी, आगो लगाउने, चौपायाको, अङ्गभङ्ग बाहेकको कुटपिट, इलाज गर्ने, पशु करणी, बालविवाह गरेको, विद्युत चोरी, मदिरा एवं सूर्तिजन्य पदार्थको सेवन तथा विक्रीवितरण, जूवातास सम्बन्धी, भेदभाव वा छुवाछुत गरेको, गाली बेइज्जती गरेको, भिक्षा माग्ने र अरुको सम्पत्ति मासेनासेको सम्बन्धी ।

(ख) बालबालिकाले पहिलोपटक गरेका देहायका कसूरजन्य कार्यहरू प्रहरी कार्यालयले : बेरीतसँग थुन्दाको, सार्वजनिक अपराध र लागू औषधको सेवन, सवारी चालक अनुमति पत्र विना सवारी चलाएको ।

(ग) ज्यान मारेको, जबरजस्ती करणी गरेको, अपहरण गरेको वा शरीर बन्धक गरेको, मानव बेचविखन गरेको बाहेकका अन्य कसुरजन्य कार्यहरूमा बाल अदालतले ।

(२) कसूरको आरोप लागेको बालबालिकाले कसूर स्वीकार गरेको अवस्थामा मात्र उपदफा (१) बमोजिम दिशान्तरण गर्न सकिनेछ ।

(३) उपदफा (१) को खण्ड (क) र (ख) बमोजिमको निर्णय सम्बन्धित निकायले लिखित रूपमा राख्नु पर्नेछ ।

(४) बालबालिकाले उपदफा (१) को खण्ड (क) र (ख) बमोजिमको कसूर दोहोऱ्याएर गरेमा सम्बन्धित निकायले पहिलेको निर्णय सहित बाल अदालतमा पेश गर्नु पर्नेछ ।

(५) कसूर स्वीकार नगर्ने र दिशान्तरण सम्बन्धी आदेश मान्न सहमत नहुने बालबालिकाको हकमा दिशान्तरण सम्बन्धी व्यवस्था लागु हुने छैन । उनीहरूको मुद्दाको सुरु कारबाही र किनारा बाल अदालतले गर्नेछ ।

(६) दिशान्तर गर्दा अवलम्बन गरिने प्रक्रिया तथा दिशान्तर सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**५१. दिशान्तरण सम्बन्धी आदेशहरू र तिनको कार्यान्वयन :** (१) दफा ५० बमोजिमको दिशान्तरण गर्दा पीडक र पीडित पक्षसँगको छलफलका आधारमा देहाय बमोजिमको एक वा एकभन्दा बढी आदेश गर्न सकिनेछ :

(क) सम्झाइबुझाइ गर्ने,

(ख) मनोसामाजिक सहयोग, पुनर्स्थापना सेवा वा अन्य उपयुक्त उपचारमा पठाउने,

(ग) सीप तथा क्षमता विकासका लागि पठाउने,

(घ) सामुदायिक सेवामा पठाउने,

(ङ) पीडितको हानिलाई भरिपूरण तथा पारिवारिक र सामाजिक सम्बन्ध सुधार गर्ने उद्देश्यले पुर्नस्थापकीय न्यायको सिद्धान्त अनुकूल हुने गरी कुनै उपयुक्त आदेश दिन सकिनेछ ।

(२) उपदफा (१) बमोजिम दिशान्तरणको आदेश गर्दा कानुनसँग विवादमा परेको बालबालिकाले निजलाई दिइएको दिशान्तरणको आदेश मान्न सहमत भएको हुनु पर्नेछ ।

(३) दफा ५० बमोजिम दिशान्तरणको आदेश दिने निकायले उक्त आदेश कार्यान्वयनको सुनिश्चितता गर्नु पर्नेछ । आदेश दिने निकायले आदेश कार्यान्वयनको लागि जिल्ला बालन्याय समन्वय समितिको सहयोग लिन सक्नेछन् ।

(४) दिशान्तरण आदेश पालन गर्ने बालबालिकाको हकमा निजको उक्त मुद्दाको अन्त्य भएको मानिनेछ । यदि दिशान्तरणको आदेश पालना भएको रहेनछ भने अन्य निकायले पहिलेको निर्णय सहित उक्त मुद्दा बाल अदालतमा पेश गर्नुपर्नेछ । बाल अदालतको हकमा उसले आफै पुरानो मुद्दालाई सुचारु गर्नेछ ।

(५) गाउँपालिका वा नगरपालिका वा प्रहरी कार्यालयले दिशान्तरण सम्बन्धी नमूना कार्यक्रमहरू सञ्चालन गर्न सक्नेछन् ।

(६) उपदफा (१) बमोजिमको आदेश पालनका क्रममा व्यक्त भएका कुराहरूलाई प्रमाणको रूपमा ग्रहण गरिने छैन ।

(७) दिशान्तर सम्बन्धी आदेशको कार्यान्वयन सम्बन्धी प्रक्रिया तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

५२. **बालबालिका रहे बसेको बाल अदालतले मुद्दा हेर्न सक्ने :** (१) कुनै बालबालिकाले कुनै बाल अदालतमा दायर रहेको मुद्दा आफू रहे बसेको जिल्लाको बाल अदालतबाट हेरी पाऊँ भनी मुद्दा दायर रहेको बाल अदालत समक्ष निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त निवेदनका सम्बन्धमा आवश्यक जाँचबुझ गर्दा सो मुद्दाको बाँकी कारबाही बालबालिका रहे बसेको जिल्लाको बाल अदालतबाट हुन मनासिब देखिएमा मुद्दा दायर रहेको बाल अदालतले त्यस्तो मुद्दा बालबालिका रहे बसेको जिल्लाको बाल अदालतबाट हेर्ने गरी आदेश दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम आवश्यक जाँचबुझ गर्दा सो मुद्दाको बाँकी कारबाही बालबालिका रहे बसेको जिल्लाको बाल अदालतबाट गर्दा सम्बन्धित बालबालिकाको हित प्रतिकूल हुने देखिएमा मुद्दा दायर रहेको बाल अदालतले त्यस्तो मुद्दा बालबालिका रहे बसेको जिल्लाको बाल अदालतबाट हेर्ने गरी आदेश दिने छैन ।

५३. **बन्द इजलास हुने :** (१) कसूरजन्य कार्यको आरोप लागेका बालबालिकाउपरको तथा बालबालिका पीडित भएका मुद्दाको सुनुवाइ, कारबाही तथा किनारा बाल अदालतले अन्यथा आदेश दिएकोमा बाहेक बन्द इजलासमा गरिनेछ ।

(२) उपदफा (१) बमोजिम बन्द इजलासमा मुद्दाको सुनुवाइ तथा कारबाही हुँदा सम्बन्धित बालबालिका, निजका आमा, बाबु, परिवारका अन्य कुनै वयस्क सदस्य वा संरक्षक, पीडित, सरकारी वकिल, सम्बन्धित कानुन व्यवसायी र बाल अदालतले अनुमति दिएका व्यक्ति मात्र उपस्थित हुन सक्नेछन् ।

(३) बन्द इजलासको कार्यविधि तोकिए बमोजिम हुनेछ ।

५४. **आपराधिक दायित्व :** (१) कसूरजन्य कार्य गर्दा बालबालिकाको उमेर दश वर्षभन्दा कम भए निज उपर कुनै प्रकारको मुद्दा नचलाइने र निजलाई कुनै किसिमको सजाय हुने छैन ।

(२) कसैले बालबालिकालाई सिकाई, दबाव दिई, अह्राई, प्रलोभनमा पारी वा जुनसुकै तरिकाबाट कसूरजन्य कार्य गर्न लगाएको भए त्यसरी सिकाउने, दबाव दिने, अह्राउने, प्रलोभनमा पार्ने वा सो कार्य गर्न लगाउने व्यक्तिलाई निज आफैले सो कसूर गरेसरह कानुन बमोजिम पूरै सजाय हुनेछ ।

**५५. सजाय एवं सुधार आदेश:** (१) बाल अदालतले कसूरदार ठहरेको बालबालिकालाई सजाय बापत देहायका कुनै एक वा एकभन्दा बढी उपयुक्त निर्णय गर्नेछ :

(क) आमा, बाबु, परिवारका अन्य कुनै वयस्क सदस्य वा संरक्षकद्वारा असल मानवीय व्यवहारका सम्बन्धमा बालबालिकालाई सम्झाउन बुझाउन लगाउने,

(ख) सेवा प्रदायक संस्था वा व्यक्तिबाट बालबालिकालाई अभिमुखीकरण गराउन लगाउने,

(ग) मनोसामाजिक सहयोग, पुनर्स्थापना सेवा वा अन्य उपयुक्त उपचारमा पठाउने,

(घ) आमा, बाबु, परिवारका कुनै वयस्क सदस्य, संरक्षक, विद्यालय, सेवा प्रदान गर्ने व्यक्ति वा संस्थाको निगरानीमा तोकिएको शर्तहरू पालन गर्ने गरी निश्चित अवधिका लागि उनीहरूको रेखदेखमा राख्न लगाउने,

(ङ) सेवाको प्रकृति र अवधि तोकी बालबालिकाको उमेर सुहाउँदो सामुदायिक सेवामा पठाउने,

(च) सुधार योजना सहित वा शर्त तोकी बाल सुधारगृहमा बस्न लगाउने ।

(२) उपदफा (१) बमोजिम बाल सुधार सम्बन्धी निर्णय बालबालिकाको उमेर, लिङ्ग, परिपक्वता, कसूरजन्य कार्यको प्रकृति, त्यस्तो कार्य गर्दाको परिस्थिति र निजको उच्चतम हित समेतलाई विचार गरी तत्काल भोग्न नपर्ने गरी स्थगन गर्न आवश्यक ठानेमा सोही अनुसार बालबालिकाले व्यवहार सुधार गर्ने सम्बन्धी शर्त तोकी निजको बाबु, आमा, परिवारका अन्य सदस्य, संरक्षक वा कुनै सामाजिक संस्थाको जिम्मामा छाड्न सक्नेछन् ।

(३) उपदफा (१) बमोजिम बाल सुधारको निर्णय गर्दा पुर्नस्थापकीय न्यायको उपाय अवलम्बन गर्ने गरी आदेश दिन सकिनेछ । यो आदेश उपदफा (१) बमोजिमको आदेशको सट्टामा वा आदेशको अङ्गको रूपमा रहनेछ ।

(४) उपदफा (१) को खण्ड (च) बमोजिम दिइएको आदेश बमोजिम बालबालिकाले बाल सुधारगृहमा बिताउने अवधि दश बर्ष वा सो भन्दा माथि र चौध बर्ष भन्दा कम उमेर भएको बालबालिकाको हकमा बढीमा छ महिना, चौध वर्ष वा सो भन्दा माथि र सोह्र बर्ष भन्दा कम उमेरको बालबालिकाको हकमा उमेर पुगेको व्यक्तिलाई कानून बमोजिम हुने सजायको आधा र सोह्र बर्ष वा सो भन्दा माथि र अठार बर्ष भन्दा कम उमेरको बालबालिकाको हकमा उमेर पुगेको व्यक्तिलाई कानून बमोजिम हुने सजायको दुई तिहाई भन्दा बढी हुने छैन ।

(५) बालसुधार सम्बन्धी फैसला कार्यान्वयनको अनुगमन र प्रतिवेदन गर्ने जिम्मेवारी प्रोवेशन अधिकारीको हुनेछ ।

(६) उपदफा (१) बमोजिम दिइएको सुधार आदेश पालना नभएको प्रतिवेदन प्राप्त भएमा बाल अदालतले त्यस्तो बालबालिकाको सुधार सम्बन्धमा उपयुक्त आदेश दिने वा बाल सुधारगृहमा पठाउन सक्नेछ ।

**५६. मुद्दा किनारा गर्नु पर्ने अवधि :** प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि बाल अदालतले मुद्दा दायर भएको मितिले एक सय बीस दिनभित्र मुद्दाको किनारा गर्नु पर्नेछ ।

**५७. सुधार अवधि घटाउन वा छुट दिन सक्ने :** (१) बाल अदालतको निर्णय बमोजिम बालसुधार गृह, कुनै संस्था वा व्यक्तिको संरक्षण वा निगरानीमा बसेका बालबालिकाको व्यवहारमा सन्तोषजनक सुधार आएमा बालकल्याण अधिकारीले त्यस्तो बालबालिकाको सुधार अवधि घटाउन वा छुट दिन बाल अदालत समक्ष सिफारिस गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त भएको सिफारिस जाँचबुझ गर्दा सुधार अवधि घटाउन वा छुट दिन मनासिब देखिएमा बाल अदालतले बालबालिकाको बाँकी सुधार अवधि घटाउन वा छुट दिन सक्नेछ ।

**५८. पुनर्स्थापकीय न्याय :** (१) पीडित, कसूरदार बालबालिका र निजहरूको परिवार वा संरक्षकलाई एकै ठाउँमा ल्याई पीडितको पुनर्स्थापना र मर्यादालाई संवर्द्धन गर्न, बाल सुधारगृहमा बिताउने अवधिलाई समुदायमै वैकल्पिक रूपले पीडित पक्षसँगको सम्बन्ध सुधार एवं पीडाको भरिपूरण गर्ने उपाय पहिल्याउनका निमित्त

पीडक र पीडित पक्षबीच पुनर्स्थापन छलफल गराउनु बालइजलास, प्रहरी कार्यालय, गाउँपालिका वा नगरपालिकाको कर्तव्य हुनेछ ।

(२) अनुसन्धान तथा न्यायिक प्रक्रियाको कुनै पनि चरणमा पुनर्स्थापन छलफल गर्ने कार्य स्वीकार्य हुनेछ ।

(३) कसूरको अभियोग लागेको बालबालिकाले आफ्नो कसूर वा घटना स्वीकार गरेको वा कसूरदार भनी अदालतबाट अन्तिम निर्णय आएको अवस्थामा मात्र पुनर्स्थापन छलफलमा सहभागी हुन सक्नेछन् ।

(४) पीडित व्यक्ति दश वर्षभन्दा कम उमेरको बालबालिका रहेछन् भने निज पुनर्स्थापन छलफलमा सहभागी हुन सक्षम मानिने छैनन । तर निजका बाबुआमा वा संरक्षक पुनर्स्थापन छलफलमा सहभागी हुन यस उपदफाले बाधा पुऱ्याएको मानिने छैन ।

(५) पक्षले पुनर्स्थापन छलफलमा गरेको सहभागिताले बाल अदालतले कसुरदार हो वा होइन भनी गर्ने निर्णयमा प्रभाव पार्ने छैन तर पुनर्स्थापन सहमतिले कसूरदारलाई तोकिने सजाय वा सुधार आदेशमा फरक पार्न सक्नेछ ।

(६) मुद्दाको कुनै पनि पक्ष पुनर्स्थापन छलफलमा सहभागी हुन बाध्य हुने छैनन् र छलफल प्रारम्भ भएको अवस्था भए पनि पक्ष कुनै पनि चरणमा बाहिरिन सक्नेछ ।

(७) पुनर्स्थापन छलफल सहजीकरण गर्न आवश्यकता अनुसार सहजकर्ताहरूको नियुक्ति, क्षमता अभिवृद्धि, सूचीको निर्माण गरिनेछ ।

(८) पीडित, उनका परिवार वा प्रभावित समुदाय समक्ष माफी माग्ने, पीडकको कसूरजन्य कार्य वा व्यवहारलाई सुधार गर्ने योजना बनाउने, पीडित, पीडितको परिवार र समुदायलाई फाइदा पुऱ्याउन पीडकले गर्ने कार्यहरूको फेहरिस्त तयार गर्ने, पीडित वा निजको परिवारलाई भएको आर्थिक क्षतिको भरिपूरण गर्ने पुनर्स्थापन र भरिपूरण गर्ने लगायतका अन्य सहमति वा योजना हुन सक्नेछ ।

(९) पक्षहरूबीच उपदफा (८) बमोजिमको पुनर्स्थापन र भरिपूरण सहमति वा योजना भएको रहेछ भने सम्बन्धित निकायले मुद्दाको दुवै पक्षसँग छलफल गरी सुधार वा सजाय आदेशको सट्टा उक्त पुनर्स्थापन र भरिपूरण सहमति वा योजना कार्यान्वयन गर्न अनुमति दिन सक्नेछ । यसरी अनुमति दिनुपूर्व उक्त सहमति वा योजना दबावरहित वातावरणमा र न्यायोचित भएको सुनिश्चित गर्नु पर्नेछ ।

(१०) न्यायिक प्रक्रियाको क्रममा पुनर्स्थापन छलफलका निमित्त आदेश जारी भएको अवस्थामा सम्बन्धित निकायले न्यायिक प्रक्रियालाई स्थगन गर्न सक्नेछन् । यसरी स्थगन गरिएको अवधिलाई मुद्दा किनारा गर्न यस ऐन बमोजिमको तोकिएको एकसय बीस दिनमा गणना गरिने छैन ।

(११) पुनर्स्थापकीय न्याय सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

५९. **बाल सुधारगृह सम्बन्धी व्यवस्था :** (१) नेपाल सरकारले आवश्यकता अनुसार बाल सुधारगृहको स्थापना गर्नेछ ।

(२) बाल अदालतको आदेशबाट बाल सुधारगृहमा बस्नुपर्ने भनी अवधि तोकी पठाइएका बालबालिका मात्र बाल सुधारगृहमा रहनेछन् ।

(३) बाल अदालतको आदेशमा बाल सुधार योजना भए सोही बमोजिम नभएको हकमा मन्त्रालयको नीति बमोजिम बाल सुधारगृहले बालबालिकाको सुधार र पुनर्स्थापनाका लागि आवश्यक कार्यक्रमहरू सञ्चालन गर्नेछ ।

(४) बाल सुधारगृहमा रहेका बालबालिकाको सो गृहमा रहनुपर्ने अवधि बाँकी हुँदाको अवस्थामा निजको उमेर अठार वर्ष पुगेमा निजको बानीब्यहोरामा आएको सुधार, आर्जन गरिरहेको सीप तथा शिक्षाको निरन्तरता लगायतलाई ध्यानमा राखी बाँकी अवधिसम्मका लागि बाल सुधारगृहमा अन्य बालबालिकासंग अलग हुने गरी राख्न सकिनेछ ।

(५) बाल अदालतले आफ्नो प्रादेशिक क्षेत्राधिकारभित्र स्थापना भएका बाल सुधारगृहको अनुगमन तथा निरीक्षण गर्न, त्यस्तो बालसुधार गृहलाई आवश्यक निर्देशन दिन र बाल सुधारगृहमा रहेका बालबालिकाको सुधारको स्थितिका सम्बन्धमा त्यस्तो बाल सुधारगृहलाई प्रतिवेदन पेश गर्न लगाउन सक्नेछ ।

(६) बाल सुधारगृहको स्थापना, सञ्चालन, अनुगमन तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**६०. दीर्घ वा कडा रोग लागेका बालबालिका अन्य ठाउँमा सार्ने :** (१) कसूरजन्य कार्यको आरोप लागेका बालबालिकालाई कुनै दीर्घ वा कडा रोग लागेको कारण निरन्तर रूपमा उपचार गराई राख्नु पर्ने भएमा वा कुनै बालबालिका मानसिक वा शारीरिक रूपमा अशक्त भई वा निज नशालु पदार्थको लतमा लागेको कारण निजलाई अन्यत्र सार्नको लागि सम्बन्धित चिकित्सकले सिफारिस गरेमा बाल अदालतले त्यस्तो बालबालिकालाई निश्चित अवधिको लागि अन्य ठाउँमा सार्ने गरी आदेश दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम दिइएको आदेश अनुसार बालबालिकालाई राख्ने संस्था वा व्यक्तिले प्रत्येक छ महिनामा बालबालिकाको स्वास्थ्य सम्बन्धी प्रतिवेदन सम्बन्धित बाल अदालतमा पठाउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको प्रतिवेदन समेतका आधारमा बालबालिका स्वस्थ भएको वा लतबाट मुक्त भइसकेको पाइएमा उक्त बालबालिकाको कारबाही पुनः प्रारम्भ हुन्छ ।

(४) बाल अदालतले त्यस्तो बालबालिकालाई पूर्ववत् स्थितिमा फर्काउन आदेश दिन सक्नेछ ।

**६१. सामाजिक तथा मनोवैज्ञानिक अध्ययन प्रतिवेदन :** (१) कसूरजन्य कार्यको आरोप लागेका बालबालिका उपर लागेको आरोपको अनुसन्धान, अभियोजन, कारबाही, सुनुवाइ वा किनारा गर्ने प्रयोजनका लागि तोकिए बमोजिम छुट्टाछुट्टै सामाजिक अध्ययन प्रतिवेदन तथा मनोवैज्ञानिक अध्ययन प्रतिवेदन तयार गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको सामाजिक अध्ययन प्रतिवेदन तथा मनोवैज्ञानिक अध्ययन प्रतिवेदन तयार गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**६२. बालबालिकाको उमेर कायम गर्ने आधार :** (१) बालबालिकाको उमेर कायम गर्दा देहायका कुरालाई आधार मानिनेछ :

(क) अस्पतालबाट जारी भएको जन्म प्रमाण-पत्रमा उल्लेखित जन्म मिति,

(ख) खण्ड (क) बमोजिमको जन्म मिति नभएमा स्थानीय पञ्जिकाधिकारीको कार्यालयबाट जारी भएको जन्मदर्ता प्रमाण-पत्रमा उल्लेख भएको जन्म मिति,

(ग) खण्ड (ख) बमोजिमको प्रमाण-पत्र नभएमा विद्यालयको चारित्रिक प्रमाणपत्रमा उल्लेखित जन्म मिति वा विद्यालयमा भर्ना हुँदाको बखत उल्लेख गरेको जन्म मिति,

(घ) खण्ड (ग) बमोजिमको प्रमाण-पत्र वा जन्म मिति पनि नभएमा अस्पतालबाट प्रमाणित उमेर सम्बन्धी प्रमाण-पत्र,

(२) उमेर खुलाउने आधारहरू एक आपसमा बाझिएमा खण्ड (घ) बमोजिम गर्नुपर्दछ ।

(३) उमेर कायम गर्दा लागेको खर्च नेपाल सरकारले व्यहोर्नेछ ।

**६३. पुनरावेदन :** (१) बाल अदालतले गरेको निर्णयमा चित्त नबुझ्ने व्यक्तिले त्यस्तो निर्णय भएको पैंतीस दिनभित्र उच्च अदालतमा पुनरावेदन दिन सक्नेछ ।

(२) उपदफा (१) र प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि बाल अदालतबाट बालबालिकाले सफाइ पाउने गरी भएको फैसला उपर कानुनको व्याख्या सम्बन्धी त्रुटी भएको, नजीरको गलत प्रयोग भएको वा बुझ्नु पर्ने प्रमाण नबुझेको वा बुझ्न नहुने प्रमाण बुझेको कारणबाट इन्साफमा फरक परेको अवस्थामा बाहेक अन्य अवस्थामा पुनरावेदन लाग्ने छैन ।

(३) दफा ५५ बमोजिम बाल अदालतले गरेको निर्णय उपर चित्त नबुझ्ने व्यक्ति वा संस्थाले त्यस्तो निर्णय भएको पैंतीस दिनभित्र उच्च अदालतमा पुनरावेदन दिन सक्नेछ ।

**६४. प्रोवेशन अधिकारी सम्बन्धी व्यवस्था :** (१) कसूरजन्य कार्यको आरोप लागेका बालबालिकाको निकट सम्पर्कमा रही निजसँग सम्बन्धित मुद्दाको अनुसन्धान, निगरानी कक्षको निरीक्षण, दिशान्तर, बाल अदालतको आदेशको कार्यान्वयनको स्थितिबारे प्रतिवेदन तयार गर्ने समेतका कार्य गर्ने गरी नेपाल सरकारले प्रत्येक जिल्लामा एक प्रोवेशन अधिकारी नियुक्त गर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रोवेशन अधिकारी नियुक्त नभएसम्मको लागि नेपाल सरकारले दफा ७५ बमोजिमको बालकल्याण अधिकारीलाई प्रोवेशन अधिकारीका रूपमा कार्य गर्ने गरी तोक्न सक्नेछ ।

(३) यस ऐनमा अन्यत्र भएको व्यवस्थाको अलावा प्रोवेशन अधिकारीको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) जिल्लामा कसूरजन्य कार्यको आरोप लागेका बालबालिकाको निकट सम्पर्कमा रही निजसँग सम्बन्धित मुद्दाको अनुसन्धान अवधिभर निजलाई आवश्यक संरक्षण र मनोविमर्श सेवा उपलब्ध गराउने,

(ख) दिशान्तर कार्यक्रम मार्फत विवादको समाधान गर्न आवश्यक पहल र प्रयास गर्ने,

(ग) निगरानी कक्षमा रहेका बालबालिका उपर मानवीय व्यवहार र उचित हेरचाह तथा संरक्षणको प्रबन्ध भए वा नभएको निरीक्षण गर्ने र सो नभएको देखिएमा गर्न लगाउने,

(घ) बाल अदालतको आदेश कार्यान्वयनको स्थितिबारे बाल अदालत, जिल्ला बालअधिकार समिति र जिल्ला बालन्याय समिति समक्ष प्रतिवेदन पेश गर्ने ।

(४) प्रोवेशन अधिकारीको अन्य काम, कर्तव्य र अधिकार तथा सेवाको शर्त लगायत अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

६५. **सामाजिक कार्यकर्ता, बालमनोविज्ञ सूचीकृत हुनु पर्ने :** सामाजिक कार्यकर्ता, बालमनोविज्ञको रूपमा काम गर्न चाहने व्यक्तिले स्थानीय तहको बालअधिकार समिति वा जिल्ला बालअधिकार समिति वा जिल्ला बालन्याय समितिसमक्ष तोकिएको ढाँचामा आफ्नो विवरण दिई नाम सूचीकृत गराउनु पर्नेछ ।

## परिच्छेद-६ :
## बालन्याय समिति सम्बन्धी व्यवस्था

६६. **केन्द्रीय बालन्याय समिति :** (१) बालन्यायसँग सम्बन्धित काम गर्ने विभिन्न निकायका बीच समन्वय गर्ने काम समेतको लागि केन्द्रीयस्तरमा देहाय बमोजिमको एक केन्द्रीय बालन्याय समिति रहनेछ :

| | | |
|---|---|---|
| (क) | प्रधान न्यायाधीशले तोकेको सर्वोच्च अदालतको न्यायाधीश | अध्यक्ष |
| (ख) | सचिव, कानुन हेर्ने मन्त्रालय | सदस्य |
| (ग) | सचिव, गृह मन्त्रालय | सदस्य |
| (घ) | सचिव, बालबालिका हेर्ने मन्त्रालय | सदस्य |
| (ङ) | नायब महान्यायाधिवक्ता, महान्यायाधिवक्ताको कार्यालय | सदस्य |
| (च) | प्रहरी अतिरिक्त महानिरीक्षक, प्रहरी प्रधान कार्यालय | सदस्य |
| (छ) | कार्यकारी निर्देशक, राष्ट्रिय बालअधिकार परिषद् | सदस्य |
| (ज) | बालन्यायका क्षेत्रमा काम गर्ने व्यक्ति वा संस्थाका प्रतिनिधिहरूमध्ये बाट केन्द्रीय बालन्याय समितिले मनोनीत गरेको एकजना महिलासहित दुईजना | सदस्य |
| (झ) | सामाजिक कार्यकर्ता वा बालमनोविज्ञमध्येबाट केन्द्रीय बालन्याय समितिले मनोनीत गरेको एकजना | सदस्य |
| (ञ) | रजिष्ट्रार, सर्वोच्च अदालत | सदस्य-सचिव |

(२) उपदफा (१) बमोजिम मनोनीत सदस्यको पदावधि दुई वर्षको हुनेछ ।

६७. **केन्द्रीय बालन्याय समितिको काम, कर्तव्य र अधिकार, बैठक सम्बन्धी व्यवस्था :** (१) केन्द्रीय बालन्याय समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) बालन्याय प्रणालीको सुदृढीकरण र विकासका लागि आवश्यक पर्ने कानुनी तथा नीतिगत व्यवस्थाको लागि नेपाल सरकारलाई आवश्यक सुझाव तथा परामर्श दिने,

(ख) नेपालमा बालन्याय प्रणालीको क्षेत्रमा कार्यरत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्थाबाट भइरहेका कार्यक्रमहरू बीच समन्वय गर्ने, गराउने,

(ग) बालन्याय सम्पादनलाई छिटो छरितो तथा प्रभावकारी रूपमा सञ्चालन गर्नको लागि बालन्याय सम्पादनमा संलग्न व्यक्ति तथा संस्थाहरूलाई बालन्याय सम्बन्धी क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गर्ने, गराउने,

(घ) बालन्यायको विषयलाई विद्यालय, विश्वविद्यालय तथा अन्य शैक्षिक संस्थाका पाठ्यक्रममा समावेश गर्न नेपाल सरकार समक्ष सुझाव दिने तथा प्राविधिक सहयोग गर्ने,

(ङ) बालन्याय सम्पादनमा संलग्न निकायबाट सम्पादन भएका सेवा र कार्यहरूको स्तर सम्बन्धी रेखदेख तथा व्यवस्थापन सम्बन्धी काम कारबाही गर्ने वा गराउने,

(च) बालन्याय सम्बन्धमा आवश्यक अध्ययन, अनुसन्धान गर्ने, गराउने,

(छ) तोकिए बमोजिमका अन्य कार्य गर्ने ।

(२) केन्द्रीय बालन्याय समितिको बैठक सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ ।

(३) समितिको काम कारबाही सुचारुरूपले सञ्चालन गर्न एक सचिवालयको स्थापना गरिनेछ ।

(४) उपदफा (३) बमोजिम स्थापना भएको सचिवालयमा न्याय सेवा आयोगको सिफारिसमा नेपाल न्याय सेवाका राजपत्राङ्कित द्वितीय श्रेणीका अधिकृतलाई तोक्न सकिनेछ । निजको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

(५) उपदफा (४) बमोजिम तोकिएको अधिकृत कर्मचारीको अलावा सचिवालयमा आवश्यकता अनुसार अन्य कर्मचारीहरू रहनेछन् । सचिवालयका अन्य कर्मचारीहरूको काम, कर्तव्य र अधिकार तथा सेवाको शर्त तोकिए बमोजिम हुनेछ ।

६८. **प्रदेश, जिल्ला र स्थानीय तहको बालन्याय समिति :** प्रदेश, जिल्ला र स्थानीय तहको बालन्याय समितिको गठन, सोको सचिवालय, काम, कर्तव्य र अधिकार तथा बैठक सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ

## परिच्छेद-७ :
## बालअधिकार सम्बन्धी संस्थागत व्यवस्था

६९. **राष्ट्रिय बालअधिकार परिषद् सम्बन्धी व्यवस्था :** (१) बालबालिकाको अधिकारको सम्मान, संरक्षण र संवन गर्न एक राष्ट्रिय बालअधिकार परिषद रहनेछ ।

(२) राष्ट्रिय बालअधिकार परिषद्को गठन देहाय बमोजिम हुनेछ :

(क) प्रधानमन्त्री - अध्यक्ष
(ख) मन्त्री, बालबालिका हेर्ने मन्त्रालय - सह-अध्यक्ष
(ग) सातै प्रदेशका बालबालिकाको विषय हेर्ने मन्त्री - सदस्य
(घ) सदस्य, राष्ट्रिय योजना आयोग (सम्बन्धित क्षेत्र हेर्ने) - सदस्य
(ङ) सचिव, प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय - सदस्य
(च) सचिव, कानुन हेर्ने मन्त्रालय - सदस्य
(छ) सचिव, शिक्षा हेर्न मन्त्रालय - सदस्य
(ज) सचिव, स्थानीय निकाय हेर्न मन्त्रालय - सदस्य
(झ) सचिव, गृह मन्त्रालय - सदस्य
(ञ) सचिव, अर्थ मन्त्रालय - सदस्य
(ट) सचिव, स्वास्थ्य हेर्ने मन्त्रालय - सदस्य
(ठ) सचिव, श्रम हेर्ने मन्त्रालय - सदस्य
(ड) रजिष्ट्रार, सर्वोच्च अदालत - सदस्य
(ढ) प्रहरी अतिरिक्त महानिरीक्षक, प्रहरी प्रधान कार्यालय - सदस्य
(ण) कार्यकारी निर्देशक, कार्यकारिणी समिति - सदस्य
(त) बालअधिकारको क्षेत्रमा योगदान पुऱ्याएका व्यक्ति वा विशेषज्ञहरूमध्येबाट समावेशी सिद्धान्तको आधारमा प्रत्येक प्रदेशबाट मनोनयन भएका दुई जना

प्रतिनिधिका दरले चौध जना -सदस्य

(थ) बालअधिकारको क्षेत्रमा कार्यरत गैर सरकारी संस्थाहरु वा बालअधिकारको क्षेत्रमा उल्लेख्य योगदान पुऱ्याएका व्यक्ति मध्येबाट नेपाल सरकारले मनोनयन गरेका कम्तिमा पचास प्रतिशत महिला हुने गरी जम्मा दश जना - सदस्य

(द) सचिव, बालबालिका हेर्ने मन्त्रालय - सदस्य सचिव

(३) उपदफा (२) को खण्ड (त) र (थ) बमोजिम मनोनीत सदस्यमा नियुक्त हुनका लागि आवश्यक योग्यता र आधार तोकिए बमोजिम हुनेछ ।

(४) राष्ट्रिय बालअधिकार परिषद्को मनोनीत सदस्यहरूको पदावधि चार वर्षको हुनेछ र निजहरूलाई थप एक कार्यकालको लागि पुनः नियुक्त गर्न सकिनेछ ।

(५) परिषद्ले आवश्यकता अनुसार आफ्नो अधिकार कार्यकारिणी समितिलाई प्रत्यायोजन गर्न सक्नेछ ।

७० **परिषद्को बैठक :** (१) राष्ट्रिय बालअधिकार परिषद्को बैठक कम्तिमा वर्षको एक पटक र आवश्यकता अनुसार बस्नेछ ।

(२) अध्यक्षको निर्देशनमा वा अध्यक्षको समयानुकुलता नभएको अवस्थामा अध्यक्षसँगको परामर्शमा सह अध्यक्षको निर्देशनमा परिषद्को बैठक सदस्य सचिवले बोलाउनेछ ।

(३) परिषद्को सदस्य सचिवले परिषद्को बैठक बस्ने सूचना सहित बैठकमा छलफल हुने विषयहरूको सूची सात दिन अगावै परिषद्का सदस्यहरूलाई उपलब्ध गराउनु पर्नेछ ।

(४) परिषद्मा तत्काल कायम रहेका सदस्य सङ्ख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरू उपस्थित भएमा परिषद्को बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ ।

(५) परिषद्को बैठकको निर्णय परिषद्को सदस्य सचिवद्वारा प्रमाणित गरिनेछ ।

(६) परिषद्को बैठक सम्बन्धी अन्य कार्यविधि राष्ट्रिय बालअधिकार परिषद् आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

७१. **राष्ट्रिय बालअधिकार परिषद्को काम, कर्तव्य र अधिकार :** (१) बालबालिकाको अधिकारको सम्मान, संरक्षण र संवर्द्धन गर्ने उद्देश्यले राष्ट्रिय बालअधिकार परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) बालबालिकाको हकहितका निमित्त नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारलाई मार्गदर्शन गर्ने

(ख) संघ, प्रदेश तथा स्थानीय तहको बालबालिका सम्बन्धी नीति तथा कार्यक्रमको विश्लेषण गरी आवश्यक निर्देशन दिने

(ग) बालबालिकाका विषयमा नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारद्वारा सञ्चालित कार्यक्रमको अनुगमन, मूल्याङ्कन तथा समीक्षा गर्ने

(घ) बालबालिका सम्बन्धी समयानुकूल प्राथमिकता निर्धारण गरी विशेष राष्ट्रिय अभियान घोषणा गर्ने,

(ङ) नेपाल राज्यपक्ष रहेको बालबालिकाको हक अधिकारसँग सम्बन्धित सन्धी तथा दस्तावेजहरुको कार्यान्वयनका निमित्त नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारलाई आवश्यक निर्देशन दिने

(च) कार्यकारिणी समितिलाई निर्देशन दिने र समितिको वार्षिक कार्यक्रम तथा बजेट अनुमोदन गर्ने ।

(छ) परिषदको दीर्घकालिन योजना स्वीकृत गर्ने तथा आन्तरिक कार्यसंचालन लागि आवश्यक नियम पारित गर्ने

(ज) बालबालिकाको हकअधिकारसँग सम्बन्धित तोकिएका अन्य कार्य गर्ने

**७२. कार्यकारिणी समितिको गठन** : (१) राष्ट्रिय बालअधिकार परिषद्को तर्फबाट सम्पादन गर्नु पर्ने काम गर्नका निमित्त एक कार्यकारिणी समिति रहनेछ ।

(२) कार्यकारिणी समितिको गठन देहाय बमोजिम हुनेछ :

| | | |
|---|---|---|
| (क) | मन्त्री, बालबालिका हेर्ने मन्त्रालय | - अध्यक्ष |
| (ख) | सचिव, बालबालिका हेर्ने मन्त्रालय | - सदस्य |
| (ग) | सहसचिव, प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय | - सदस्य |
| (घ) | सहसचिव, बालबालिका हेर्ने मन्त्रालय | - सदस्य |
| (ङ) | सहसचिव, शिक्षा हेर्ने मन्त्रालय | - सदस्य |
| (च) | सहसचिव, स्वास्थ्य हेर्ने मन्त्रालय | - सदस्य |
| (छ) | सहसचिव, स्थानीय निकाय हेर्ने मन्त्रालय | - सदस्य |
| (ज) | प्रमुख, महिला तथा बालबालिका सेवा निर्देशनालय, प्रहरी प्रधान कार्यालय | - सदस्य |
| (झ) | प्रमुख, बालन्याय समन्वय समिति सचिवालय | - सदस्य |
| (ञ) | बाल बचाउ, बाल संरक्षण, बाल विकास, तथा बाल सहभागिताका क्षेत्रहरु हेर्ने गरी नेपाल सरकारले नियुक्त गरेका तोकिएको योग्यता पुगेका चार जना पूर्णकालीन विषेशज्ञ | - सदस्य |
| (ट) | कार्यकारी निर्देशक | - सदस्य सचिव |

(३) कार्यकारिणी समितिले आवश्यक देखेमा बालबालिकाका क्षेत्रमा काम गर्ने व्यक्तिलाई तथा निकायलाई विशेषज्ञका रूपमा बैठकमा भाग लिन आमन्त्रित गर्न सक्नेछ ।

(४) कार्यकारिणी समितिले आफ्नो कार्य सम्पादन गर्न आवश्यकता अनुसार उपसमिति गठन गर्न सक्ने छ ।

(५) समितिलाई आवश्यक पर्ने कर्मचारी नेपाल सरकारले उपलब्ध गराउनेछ । नेपाल सरकारबाट कर्मचारी उपलब्ध नगराए सम्मका लागि दफा ८८(४) बमोजिमका कर्मचारीहरु समितिमा कार्यरत रहनेछन् । समितिले आवश्यकतानुसार प्रचलित कानुन बमोजिम कर्मचारीहरु करारमा नियुक्त गर्न सक्नेछ ।

(६) कार्यकारिणी समितिको बैठक सम्बन्धी अन्य व्यवस्था समिति आफैले तोक्नेछ ।

(७) कार्यकारिणी समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) परिषदका निर्णयहरु कार्यान्वयन गर्ने गराउने,

(ख) परिषदको तर्फबाट गरिने कार्यहरुको योजना तर्जुमा गर्ने, कार्यान्वयन गर्नेगराउने, प्रगति विवरण तयार गर्ने र अनुमोदनार्थ परिषद्समक्ष पेश गर्ने,

(ग) बालअधिकारको समग्र पक्षको वारेमा तथ्याङ्क संकलन तथा प्रशोधन गरी वा गराई संप्रेषण गर्नेगराउने तथा बालबालिका सम्बन्धी राष्ट्रिय प्रतिवेदन तयार गर्ने,

(घ) नेपाल राज्यपक्ष रहेको बालबालिकाको हक अधिकारसँग सम्बन्धित सन्धी तथा दस्तावेजहरुको राष्ट्रिय प्रतिवेदन तयार गर्ने,

(ङ) बालबालिकाको हक अधिकारका विषयमा शोध, अध्ययन, अनुसन्धान गर्ने, गराउने तथा बालबालिकाको क्षेत्रमा हुने अध्ययन, अनुसन्धानलाई स्तरीय बनाउन आवश्यक नीति तथा मापदण्ड बनाउने,

(च) बालबालिकाको हकहितका निमित्त नेपाल सरकारबाट पारित नीति, योजना र कार्यक्रमको कार्यान्वयन गर्न सम्बन्धित निकायलाई निर्देशन दिने, बजेट व्यवस्था गर्न समन्वय गर्ने र आवश्यकता अनुसार सहजीकरण गर्ने,

(छ) बालअधिकारको प्रवर्द्धन एवं परिपूर्ति गर्न नेपाल सरकारका निकाय तथा बालबालिकाको क्षेत्रमा क्रियाशील संस्थाको क्षमता अभिवृद्धि गर्ने वा गराउने,

(ज) बालबालिकाको क्षेत्रमा हुने अध्ययन, अनुसन्धानलाई स्तरीय बनाउन आवश्यक नीति तथा मापदण्ड बनाउने,

(झ) कार्यकारिणी समितिको दीर्घकालीन योजना, वार्षिक कार्यक्रम तथा वजेट निर्माण गर्ने र सम्पादित कामको नियमित समीक्षा गर्ने,

(ञ) बालबालिकाको हकअधिकारसँग सम्बन्धित तोकिएका अन्य कार्य गर्ने,

(८) कार्यकारिणी समितिले आवश्यकता अनुसार आफ्नो अधिकार कार्यकारी निर्देशक वा समितिका कुनै सदस्यलाई प्रत्यायोजन गर्न सक्नेछ ।

**७३. कार्यकारी निर्देशक सम्बन्धी व्यवस्था :** (१) नेपाल सरकारले कार्यकारिणी समितिको प्रशासकीय प्रमुख तथा सदस्य सचिवको रूपमा काम गर्नको निमित्त नेपाल सरकारको कम्तीमा प्रथम श्रेणी सरहको सेवा सुविधा पाउने गरी एक कार्यकारी निर्देशक नियुक्त गर्नेछ वा संघीय निजामती सेवाको राजपत्रांकित प्रथम श्रेणीको अधिकृतलाई कार्यकारी निर्देशकको रुपमा तोक्नेछ ।

(२) कार्यकारी निर्देशकमा नियुक्त हुनको लागि मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तिमा स्नातकोत्तर तहको शैक्षिक उपाधि हासिल गरी बालअधिकार तथा बालन्यायका क्षेत्रमा कम्तिमा दश वर्ष कार्य गरेको हुनु पर्नेछ ।

(३) कार्यकारी निर्देशकको पदावधि २ वर्षको हुनेछ र निजको पुनर्नियुक्ति हुन सक्नेछ ।

(४) कार्यकारी निर्देशकमा नियुक्त हुनको लागि ३५ वर्ष उमेर पुरा गरेको र नियुक्त हुँदाको बखत राजनीतिक दलको सदस्य नरहेको हुनु पर्नेछ । तर निजामती तर्फको कर्मचारीको हकमा उमेरको हदबन्दी लाग्ने छैन ।

(५) कार्यकारी निर्देशकको काम, कर्तव्य, अधिकार, नियुक्ति, सेवा तथा शर्त सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**७४. प्रदेश, जिल्ला र स्थानीय तहको बालअधिकार समिति :** प्रदेश, जिल्ला र स्थानीय तहको बालअधिकार समितिको गठन, सोको सचिवालय, काम, कर्तव्य र अधिकार तथा बैठक सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ ।

**७५. बालकल्याण अधिकारी सम्बन्धी व्यवस्था :** (१) नेपाल सरकारले बालबालिकाको अधिकारको सम्मान, संरक्षण र संवर्द्धन गर्न तथा बालसंरक्षण कार्य समेत गर्नका लागि कार्यक्षेत्र निर्धारण गरी प्रत्येक स्थानीय तहमा कम्तिमा एक जना रहने गरी बालकल्याण अधिकारी नियुक्त गर्नेछ ।

(२) उपदफा (१) बमोजिम बालकल्याण अधिकारी नियुक्त नभएसम्मको लागि नेपाल सरकारले अन्य कुनै व्यक्ति वा अधिकृतलाई यो ऐन लागु भएको दुई वर्षसम्मको लागि मात्र बालकल्याण अधिकारीको रूपमा कार्य गर्ने गरी तोक्न सक्नेछ ।

(३) उपदफा (१) मा जे सुकै कुरा उल्लेख भएता पनि स्थानीय तहले नगरपालिका/गाउँपालिका वा सो अन्तर्गतका निश्चित वडालाई कार्यक्षेत्र तोकी यस दफा अन्तर्गत बाल कल्याण अधिकारीको नियुक्ति गर्न सक्नेछ । त्यसरी बाल कल्याण अधिकारी नियुक्त भएको कार्यक्षेत्रको लागि नेपाल सरकारले बाल कल्याण अधिकारी तोक्ने वा नियुक्त गर्ने छैन र तोकेको वा नियुक्त गरेको भए नेपाल सरकारबाट तोकिएका वा नियुक्त भएका बालकल्याण अधिकारीको कार्यक्षेत्र नेपाल सरकारले परिवर्तन गर्नेछ ।

(४) यस ऐनमा अन्यत्र भएको व्यवस्थाको अलावा बालकल्याण अधिकारीको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) विशेष संरक्षणका आवश्यकता भएका बालबालिकाको अधिकार एवं हितको प्रवर्द्धन तथा संरक्षण गर्नको लागि परिच्छेद ४ बमोजिम निवेदन लिने, सेवा प्रदान गर्ने, वैकल्पिक हेरचाहको व्यवस्था गर्ने, धर्मपुत्र वा धर्मपुत्री भई जान योग्य भनी प्रमाणित गर्ने र संरक्षक नियुक्त गर्ने,

(ख) बालबालिकाको सर्वोत्तम हितको लागि आवश्यक देखिएमा कुनै बालबालिकालाई बाबु आमा वा परिवारबाट निश्चित अवधिको लागि अलग गरी कुनै संरक्षकको जिम्मामा दिने,

(५) बालकल्याण अधिकारीको अन्य काम, कर्तव्य र अधिकार तथा सेवाको शर्त लगायत अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**७६. उच्चतम हित निर्धारण प्रक्रिया** : यस ऐन बमोजिम बालकल्याण अधिकारी वा अदालतले देहायबमोजिमको निर्णय गर्दा तोकिए बमोजिमको औपचारिक उच्चतम हित निर्धारण प्रक्रिया अवलम्बन गर्नुपर्नेछ :

(क) बालबालिकाको दिगो वैकल्पिक हेरचाहसम्बन्धी व्यवस्था गर्दा,

(ख) बालबालिकालाई बाबुआमा वा संरक्षकबाट अलग गर्नुपर्दा,

(ग) बाबु आमाको सम्बन्ध विच्छेद भई छोराछोरीको हेरचाह र पालनपोषण कसले गर्ने भन्ने निर्णय गर्दा ।

**७७. सामाजिक कार्यकर्ता सम्बन्धी व्यवस्था** : (१) स्थानीय तहमा बालसंरक्षण सम्बन्धी कार्य तथा सेवा प्रवाह गर्नको लागि आवश्यक संख्यामा सामाजिक कार्यकर्ताको नियुक्त गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिमको कार्यकर्ताले बालकल्याण अधिकारीको प्रत्येक्ष निर्देशन र सुपरिवेक्षणमा काम गर्नेछ ।

(३) सामाजिक कार्यकर्ताको नियुक्ति प्रक्रिया, योग्यता, काम, कर्तव्य र अधिकार तथा सेवाको शर्त लगायत अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**७८. बाल कोष :** (१) बालबालिकालाई तत्काल उद्धार, राहत र पुनर्स्थापना गर्ने काम तथा यो ऐन अन्तर्गत प्राप्त हुने क्षतिपूर्ति प्रदान गर्ने समेतका बालसंरक्षण कार्यका लागि मन्त्रालय अन्तर्गत एक राष्ट्रिय बाल कोष रहनेछ । उक्त कोषमा देहाय बमोजिमका रकमहरू रहनेछन् :

(क) नेपाल सरकारबाट प्राप्त रकम,

(ख) विदेशी सरकार, दातृ निकाय, अन्तर्राष्ट्रिय संघसंस्था वा व्यक्तिबाट प्राप्त रकम,

(ग) स्वदेशी व्यक्ति, संघसंस्थाबाट प्राप्त रकम, र

(घ) अन्य कुनै स्रोतबाट प्राप्त हुने रकम ।

(२) उपदफा (१) बमोजिमको राष्ट्रिय बाल कोष सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि लगायत अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(३) आवश्यकता अनुसार प्रदेश र स्थानीय तहले बाल कोषको स्थापना, सञ्चालन तथा व्यवस्थापन गर्न सक्नेछन् ।

## परिच्छेद-८ : सजाय, क्षतिपूर्ति तथा मुद्दा हेर्ने अधिकारी

**७९. सजाय :** (१) कुनै व्यक्ति, संस्था वा निकायले दफा ३ को उपदफा (२) वा (९), दफा ४ को उपदफा (१), दफा ५ को उपदफा (१) वा (२), दफा ६ को उपदफा (१), (२), (३) वा (४), दफा ७ को उपदफा (१) वा ( ४), दफा ८, दफा १०, दफा ११, दफा १२ को उपदफा (१), (२), (३) वा (४), दफा १३, दफा १४, दफा १५, दफा १६ वा दफा १७ को उपदफा (१) मा उल्लिखित बालबालिकाको अधिकार उल्लङ्घन गरेमा वा दायित्व पूरा नगरेमा त्यस्तो व्यक्ति वा संस्था वा निकायको प्रमुखलाई पचास हजार रूपैयाँसम्म जरिवाना हुनेछ ।

(२) संरक्षक वा परिवारको कुनै सदस्यले दफा १८ मा उल्लिखित आफ्नो दायित्व पूरा नगरेमा वा बालबालिकाको सम्पत्तिको दुरूपयोग गरेमा त्यस्तो संरक्षकलाई एकलाख रूपैंयाँसम्म जरिवाना हुनेछ ।

(३) दफा (९) को उपदफा (२) बमोजिमको कुनै कार्य गरेमा प्रचलित कानुन बमोजिम हुने सजायको अतिरिक्त कसूरको गाम्भीर्यता हेरी पाँच हजार रूपैयाँदेखि पचास हजार रूपैयाँसम्म जरिवाना वा एक महिनादेखि एक वर्षसम्म कैद हुनेछ । बाबु वा आमाले आफ्ना सन्तानमाथि उक्त कसूर गरेको ठहरेमा अदालतले निजलाई अवधि तोकेर अभिभावक शिक्षा तथा सकारात्मक अनुशासन सम्बन्धी अनुशिक्षणमा सहभागी हुन आदेश दिन सक्नेछ ।

(४) कसैले दफा २१ वा दफा २२ बमोजिमको कुनै कार्य गरेमा त्यस्तो कार्य गर्ने व्यक्तिलाई प्रचलित कानुन बमोजिम हुने सजायको अतिरिक्त कसूरबाट बालबालिकामा परेको असरको मात्रा हेरी थप २५ प्रतिशतसम्म सजाय हुनेछ ।

(५) उपदफा (४) मा जुनसुकै उल्लेख भए पनि कसैले दफा २१ वा दफा २२ बमोजिमको कुनै कार्य बालबालिका उपर गरेको खण्डमा प्रचलित कानुनमा २५ प्रतिशत थप सजायको व्यवस्था भएको अवस्थामा सो उपदफा लागू हुनेछैन ।

(६) कसैले दफा २१ वा दफा २२ बमोजिमको कुनै कार्य गरेमा त्यस्तो कार्य गर्ने व्यक्तिलाई प्रचलित कानुनमा कुनै सजायको व्यवस्था नभएको खण्डमा त्यस्तो कार्यबाट बालबालिकालाई परेको असरको मात्रा हेरी पाँच हजार रूपैयाँदेखि पचास हजार रूपैयाँसम्म जरिवाना र एक महिनादेखि एक वर्षसम्म कैद हुनेछ ।

(७) उपदफा (१) र (३) बमोजिमको सजाय हुने कार्य गर्न दुरूत्साहन गर्ने, उद्योग गर्ने वा मतियार हुने व्यक्तिलाई मुख्य कसूरदारलाई हुने सजायको आधा सजाय हुनेछ ।

(८) यस ऐन बमोजिम एक पटक सजाय पाएको व्यक्तिले पुनः त्यस्तो कार्य गरेमा निजलाई यस दफा बमोजिम हुने सजायमा पच्चीस प्रतिशत थप सजाय समेत हुनेछ ।

(९) कसैले यस ऐन बमोजिम स्वीकृती नलिई आवासीय बालगृह, निगरानी कक्ष, पुनर्स्थापना केन्द्र वा संरक्षण गृहको स्थापना वा सञ्चालन गरेमा नेपाल सरकारले त्यस्तो आवासीय बालगृह, बालसुधार गृह, निगरानी कक्ष, पुनर्स्थापना केन्द्र वा संरक्षण गृह बन्द गरी त्यस्तो व्यक्तिलाई प्रचलित कानुनमा हुने सजायको अतिरिक्त थप एक लाख रूपैयाँसम्म जरिवाना हुनेछ ।

**८०. क्षतिपूर्ति :** (१) अदालतले बालबालिकाविरूद्धको हिंसा वा बालयौनदुर्व्यवहारको पीडित बालबालिकालाई क्षतिपूर्ति भराई दिन सक्नेछ ।

(२) बालबालिकाविरूद्धको हिंसा वा बालयौनदुर्व्यवहारबाट पीडित बालबालिकाका सन्दर्भमा अदालतमा मुद्दा विचाराधीन रहेकै अवस्थामा नै अदालतले दफा ७८ को उपदफा (१) बमोजिमको बाल कोषबाट व्यहोर्ने गरी अन्तरिम क्षतिपूर्तिको आदेश दिन सक्नेछ ।

(३) उपदफा (१) बमोजिम क्षतिपूर्ति भराउँदा अदालतले कसूरदारलाई भएको जरिवाना बाहेक उक्त कसूरबाट बालबालिकाको शिक्षा, शारीरिक तथा मानसिक स्वास्थ्य, विकास र परिवारमा पुगेको हानि समेतको विचार गरी जरिवानाको रकमभन्दा कम नहुने गरी पीडित बालबालिकालाई मनासिब क्षतिपूर्ति एकमुष्ठ वा आवधिक रूपमा भराइदिनेछ ।

(४) उपदफा (३) बमोजिम जरिवानाको रकम असुल हुन नसक्ने अवस्था भएमा वा त्यस्तो रकम असुल भए पनि सो रकम बालबालिकाविरूद्धको हिंसा वा बालयौनदुर्व्यवहारको तुलनामा न्यून वा अपर्याप्त लागेमा अदालतले त्यस्ता बालबालिकालाई दफा ७८ को उपदफा (१) बमोजिमको बाल कोषबाट व्यहोर्ने गरी मनासिव क्षतिपूर्ति भराई दिनेछ ।

(५) उपदफा (१) बमोजिमको क्षतिपूर्तिको रकम लिन नपाउँदै पीडित बालबालिकाको मृत्यु भएमा त्यस्तो रकम निजको बाबु, आमा वा संरक्षकले पाउनेछ ।

**८१. हदम्याद :** (१) दफा २१ र २२ अर्न्तगतको कसूरको सम्बन्धमा प्रचलित कानुनमा हदम्यादको व्यवस्था भएकोमा सोही बमाजिम र नभएकोमा सो कसूर भए गरेको मितिले एक वर्षभित्र मुद्दा दायर गरी सक्नु पर्नेछ ।

(२) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि बालबालिकाविरूद्धको हिंसा र बालयौनदुर्व्यवहार सम्बन्धी कसूरको सम्बन्धमा मुद्दा दायर गर्ने हदम्याद निज बालबालिका अठार वर्ष भएको मितिले एक वर्षसम्म कायम रहनेछ ।

**८२. मुद्दाको कारबाही र किनारा :** (१) दफा ७९ को उपदफा (९) बाहेक सो दफाको अन्य उपदफा बमोजिम सजाय हुने मुद्दाको सुरू कारबाही र किनारा गर्ने अधिकार जिल्ला अदालतलाई हुनेछ ।

(२) यस ऐन अन्तर्गत दायर भएको मुद्दाको कारबाही र किनारा गर्दा संक्षिप्त कार्यविधि ऐन, २०२८ बमोजिमको कार्यविधि अपनाउनु पर्नेछ ।

८३. **नेपाल सरकार वादी हुने :** दफा २१ र २२ अन्तर्गतको मुद्दा नेपाल सरकार वादी हुनेछ र सो मुद्दा सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूची-१ मा समावेश भएको मानिनेछ ।

## परिच्छेद-९ :
## विविध

८४. **यसै ऐन बमोजिम हुने :** यस ऐनमा लेखिएजति कुरामा यसै ऐन बमोजिम र अरूमा प्रचलित कानुन बमोजिम हुनेछ ।

८५. **नियम बनाउने अधिकार :** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न नेपाल सरकारले आवश्यक नियमहरू बनाउन सक्नेछ । तर बालन्याय सम्पादन गर्ने कार्यविधि सम्बन्धी नियम सर्वोच्च अदालतले बनाउनेछ ।

८६. **निर्देशिका तथा कार्यविधि बनाई लागू गर्ने :** मन्त्रालयले यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमको कार्यान्वयन गर्न आवश्यक निर्देशिका तथा कार्यविधि बनाई लागू गर्न सक्नेछ ।

८७. **संशोधन :** (१) जन्म, मृत्यु तथा व्यक्तिगत घटना (दर्ता गर्ने ऐन), २०३३ को दफा ४ को उपदफा (१) को खण्ड (घ) पछि देहायको खण्ड (ङ), (च) र (छ) राखिएको छ :

"(ङ) माथि जेसुकै उल्लेख भए पनि जन्म तथा बालबालिकाको मृत्युको सूचना बाबु, आमा वा संरक्षकले दिन सक्नेछन्"

''(च) खण्ड (ङ) बमोजिमको सूचना दिने सूचकको स्थायी ठेगाना जहाँसुकै भए पनि सो घटनाको सूचना घटना भएको ठाउँको स्थानीय पञ्जिकाधिकारीको कार्यालयमा दिन सकिनेछ ।

(छ) खण्ड (च) बमोजिम सूचना प्राप्त भएमा स्थानीय पञ्जिकाधिकारीले सो सूचनाको प्रतिलिपि सम्बन्धित सूचकको स्थायी ठेगानामा रहेको स्थानीय पञ्जिकाधिकारीको कार्यालयमा समेत दिनुपर्नेछ ।

(२) मुलुकी ऐन, २०२० को कुटपिटको महलको ४ नं. मा रहेको "र रक्षा शिक्षा गर्नेले कुटाइ माग्नेको हितको निमित्त मनासिब माफिकको सामान्य बल प्रयोग गरी कुटेमा सो कुट्नेलाई पनि" भन्ने वाक्यांश झिकिएको छ ।

८८. **खारेजी तथा बचाउ :** (१) बालबालिकासम्बन्धी ऐन, २०४८ खारेज गरिएको छ ।

(२) बालबालिकासम्बन्धी ऐन, २०४८ बमोजिम भए गरेका काम कारबाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।

(३) यो ऐन जारि गर्दाका बखत बालबालिकासम्बन्धी ऐन, २०४८ तथा सो अन्तर्गतको नियमावली बमोजिम नियुक्त केन्द्रिय बालकल्याण समितिका कार्यकारी निर्देशक बाँकी पदावधीका निमित्त दफा ७३ बमोजिमको कार्यकारी निर्देशकका रुपमा बहाल रहने छन् र निज पुनर्नियुक्त हुन योग्य मानिनेछ ।

(४) यो ऐन जारि गर्दाका बखत बालबालिकासम्बन्धी ऐन, २०४८ तथा सो अन्तर्गतको नियमावली बमोजिम नियुक्त केन्द्रिय बालकल्याण समितिका कर्मचारी दफा ७२ अनुसारको कार्यकारिणी समितिको कर्मचारी मानिनेछ र केन्द्रीय बालकल्याण समितिले गरिआएका कामको स्वामित्व राष्ट्रिय बालअधिकार परिषदले लिनेछ ।

।

(५) यो ऐन जारि गर्दाका बखत कायम रहेको आपतकालीन बालउद्धार कोष समेत दफा ७८ बमोजिमको बाल कोषमा गाभिनेछ ।

***